
# नगर शिक्षा क्षेत्र योजना

## २०८१-२०९०




Karjanha Municipality
Office of Municipal Executive
Karjanha, Siraha
Madesh Province Nepal

**कर्जन्हा नगरपालिकाको कार्यालय,सिरहा**

**मधेश प्रदेश नेपाल**

| | |
|---|---|
| प्रकाशक | कर्जन्हा नगरपालिका,सिरहा |
| प्रकाशन प्रति | १००० |
| सर्बाधिकार | प्रकाशकमा |
| प्रकाशन मिति | २०८१ साल |
| अध्यावधिक मिति | २०८३ साल |
| प्राबिधिक सहयोग | शिक्षा विकाश तथा समन्वय एकाई, सिरहा<br>प्रारम्भिक कक्षा सिकाई कार्यक्रम<br>**People Promote center/ UNICEF** |
| तयारकर्ता | सामाजिक विकास शाखा संयोजक<br>प्रमुख शिक्षा, युवा तथा खेलकुद शाखा |

## हाम्रो भनाई

कर्जन्हा नगरपालिका सिरहा जिल्लाको १७ स्थनीय तह मध्ये एक हो । यो नगरपालिका सिरहा जिल्लाको पश्चिम उत्तर कुनामा अबस्थित रहेकोछ । नेपाल सरकारको मिति २०७४-२-८ गतेको निर्णयानुसार कर्जन्हा गाउँपालिकालाई हालको नगरपालिकामा स्तरोन्नति गरी जम्मा ११ वटा वडा कायम गरिएको हो । राष्ट्रिय जनगणना, २०७८ को नतिजा बमोजिम यस नगरपालिकाको जनसंख्या १८,९६५ जना पुरष र १९,९७५ जना महिला गरी कूल ३८,९४० रहेको छ (स्रोतः केन्द्रिय तथ्याङ्क विभाग) । नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिए बमोजिम कर्जन्हा नगरपालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना निर्माण गर्न लागिएको हो । आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो कर्जन्हा नगरपालिका निर्माण आजको आबश्यकता हो । यही दायित्वलाई हृदयगमण गरी कर्जन्हा नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन बिद्यालय शिक्षा क्षेत्रको योजना) २०८१-२०९० (तयार गरी कार्यान्वयन गर्न गईहेंकोछ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाह प्रति विशेष धन्यवाद दिन चाहन्छु।



Karjanha Municipality
Office of Municipal Executive
Karjanha, Siraha
Madesh Province Nepal

भोला प्रसाद पोखरेल
नगर प्रमुख

## प्राक्कथन

नेपालको संविधान २०७२ ले आधारभूत तहको शिक्षा निशुल्क तथा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ | संविधानद्वारा प्रदत अधिकारलाई गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि कर्जन्हा नगरपालिकाले बिद्यालय शिक्षा योजना तयार गरी कार्यन्वयन गर्न लागेको हो।

योजना आफैमा विशेष अर्थ राख्ने शब्द हो। कुनै पनि काम गर्नु भन्दा अगाडी उदेश्य निर्धारण गरिसके पछि त्यो उदेश्य प्राप्ति गर्नका लागि योजना निर्माण गर्नु पर्छ । योजनाको आधारमा काम समपन्न गरेमा उदेश्य मुलक हुन्छन । कर्जन्हा नगरपालिका यो शिक्षा क्षेत्रको योजना निर्माण गर्नु राम्रे पक्ष हो । गुणस्तरिय शिक्षाको अवधारणालाई आत्मसाथ गरी यो दस बर्षे शिक्षा विकास दृष्टिकोण सहित यो योजना निर्माण गर्नका लागि कर्जन्हा  शिक्षा क्षेत्रको विकास योजना निर्माण गरिएको हो।

अन्त्यमा यस कार्यमा सहयोग गर्नुहुने योजना निर्माण समिति, नगरपालिका, शिक्षा शाखा लगायत विशेष गरि तयारकर्ता तथा लेखन कार्य गर्नु भएका मा सबै पक्षलाई धन्यवाद दिन चाहन्छु ।



Karjanha Municipality
Office of Municipal Executive
Karjanha, Siraha
Madesh Province Nepal

रमाश्रय यादव
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

शुभकामना

गुणस्तरीय, समतामूलक र सबैका लागि शिक्षा भन्ने मूल भावनाका साथ कर्जन्हा नगरपालिकाले आगामी दश वर्ष (२०२४–२०३३) का लागि स्थानीय शिक्षा योजना तयार गरी प्रस्तुत गरेको छ। यस योजनाले नगरपालिकाको शैक्षिक विकासलाई योजनाबद्ध, समावेशी, गुणस्तरीय र परिणाममुखी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु।

शिक्षा समाजको विकास, समृद्धि, संस्कार र रूपान्तरणको प्रमुख आधार हो। त्यसैले कर्जन्हा नगरपालिकाले सबै बालबालिकाको शिक्षामा समान पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुनिश्चित गर्दै गुणस्तरीय तथा जीवनोपयोगी शिक्षा प्रदान गर्ने लक्ष्य लिएको छ। यस योजनामार्फत विद्यालयको भौतिक पूर्वाधार सुधार, शिक्षकको पेशागत क्षमता विकास, प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण र शैक्षिक सुशासनलाई प्राथमिकता दिइनेछ।

त्यसैगरी, महिला, दलित, विपन्न, अपाङ्गता भएका बालबालिका तथा सीमान्तकृत समुदायका बालबालिकालाई शिक्षाको मूल प्रवाहमा ल्याउँदै समता र समावेशितालाई सुनिश्चित गरिनेछ। शिक्षा क्षेत्रको सुधारका लागि स्थानीय सरकार, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, समुदाय तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक छ।

यस दश वर्षे स्थानीय शिक्षा योजनाको सफल कार्यान्वयनबाट कर्जन्हा नगरपालिकाको शिक्षा क्षेत्रमा सकारात्मक परिवर्तन ल्याई सक्षम, दक्ष, जिम्मेवार र संस्कारयुक्त नागरिक निर्माणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास लिएको छु। योजनाको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरोकारवालाहरूको निरन्तर सहयोग, सहभागिता र प्रतिबद्धताको अपेक्षा गर्दछु।

कर्जन्हा नगरपालिकाको शैक्षिक विकास र उज्ज्वल भविष्यका लागि हार्दिक शुभकामना।

Karjanha Municipality
Office of Municipal Executive
Karjanha, Siraha
Madesh Province Nepal



राम भरोस यादव
शिक्षा शाखा प्रमुख

# Contents


शुभकामना.....5

**योजनाको सारंश**.....8

**१. बिषय प्रवेश**.....8

**२. शिक्षा योजना निर्माणको आवश्यकता**.....8

**३. स्थानीय तहमा योजना निर्माणको औचित्य**.....8

**४. शिक्षा योजना निर्माणका आधार**.....9

**५. शिक्षा योजना निर्माण प्रक्रिया**.....9

**६. योजना लेखाजोखा**.....9

**परिच्छेद १ : परिचय**.....12

**१.१ वर्तमान अवस्था**.....13

**१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण**.....18

कर्जन्हा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्- .....18

**१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण**.....18

**१.४ अवसर**.....20

**२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार**.....21

**२.२ कर्जन्हा नगर पालिकाको दुरदृष्टि**.....22

सामाजिक–आर्थिक रूपान्तरणका लागि शिक्षित, सभ्य, स्वास्थय र सक्षम, स्वावलम्बी, प्रतिस्पर्धी, नागरिकको विकासमा योगदान पु-याउनु।.....22

**२.३ लक्ष्य**.....22

**२.६ कार्यनीति**.....23

२.८ **मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**.....24

राष्ट्रिय.....24

**परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु**.....28

**परिचय**.....28

**३.१ बालविकास र शिक्षा**.....29

**३.२ आधारभूत शिक्षा**.....32

**३.३ माध्यमिक शिक्षा**.....39

**परिचय**.....39

**३.३.१ वर्तमान अवस्था**.....39

**३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम**.....42

**परिचय**.....45

**परिचय**.....49

**४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन**.....49

४.२ शिक्षक व्यवस्थापन र विकास ....................................................................................................54
ख) नतिजा ....................................................................................................57
४.३ शैक्षिक समता र समावेशीकरण....................................................................................................59
परिचय....................................................................................................59
क) उपलब्धि ....................................................................................................60
ख) नतिजा ....................................................................................................60
४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम ....................................................................................................62
क) उपलब्धि ....................................................................................................64
ख) प्रमुख नतिजाहरू ....................................................................................................64
४.५ बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता ....................................................................................................67
परिचय....................................................................................................67
४.६ विद्यालय भौतिक पूर्वाधार विकास....................................................................................................69
४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि....................................................................................................72
परिचय....................................................................................................72
परिच्छेद ५ : अन्य उपक्षेत्र ....................................................................................................76
परिचय....................................................................................................76
६.१.२ उद्देश्य ....................................................................................................79
६.१.३ रणनीतिहरू ....................................................................................................79
६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ....................................................................................................80
६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध ....................................................................................................81
परिचय....................................................................................................81
६.२.४ प्रमुख उपलब्धि तथा नतिजा....................................................................................................84
७.२ उद्देश्य ....................................................................................................87
७.३ रणनीतिहरू ....................................................................................................87
७.४ प्रमुख उपलब्धि ....................................................................................................88
परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन ....................................................................................................91
अनुसूची २: शिक्षा ,युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ....................................................................................................95

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)
अनुसूची २ नतिजा ढाँचा (Result Framework)
अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

# योजनाको सारंश

## १. बिषय प्रवेश

नेपालमा संघीय ब्यबस्था अनुसार तीन तहका  सरकारहरु रहेका छन ।  नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिए बमोजिम कर्जन्हा नगरपालिकाको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** निर्माण गर्न लागिएको छ । स्थानीय तहको शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपुर्ण भूमिका रहन्छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भै रहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि ७५३ वटै स्थानीय सरकारहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीयस्तरमा शिक्षा योजना निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा यस कर्जन्हा नगरपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माणको लागि यो शिक्षा योजनाको मस्यौदा तयार गरिएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्नको लागि कर्जन्हा नगरपालिकाले  स्थानीय तहहरुले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न लागिएको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा यस कर्जन्हा नगरपालिकाले स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना निर्माण तथा विकास गरिएको हो ।विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

## ३. स्थानीय तहमा योजना निर्माणको औचित्य

स्थानीय तहले  शिक्षा योजना निर्माण गर्नुका औचित्य निम्न रहेकाछन ।

१. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न ।
२. शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष् ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।
३. तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ।
४. कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।
५. साझा विषयमा लागत साझे दारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## ४. शिक्षा योजना निर्माणका आधार

यस कर्जन्हा नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाएको छ :

४.१ नेपालको संबिधान

४.२ सोहौं आवधिक योजना

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४.४ सङ्घ, प्रदश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५ अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

४.६ विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

४.७ शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

४.८ विद्यालय शिक्षामा समता रणनीति

४.९ दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा

४.१० स्थानीय तहको योजना तर्जुमा र्जु दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

४.११ राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१.२ विद्यालय सधुार योजना र अन्य सरकारी र गै रसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि।

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कर्जन्हा नगरपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा शिक्षा समितिको सगभागितामा योजना निर्माण मस्यौदा समिति तयार गरि समितिमा स्थानीय तहको शिक्षा हेर्ने प्रमुखलाई अनिवार्य रूपमा समावेश गरिएको छ। यस अतिरिक्त आवश्यकता अनुसार सम्बन्धित बिषय क्षेत्रको विज्ञ तथा प्राविधिकहरुलाई )प्र.अ., शिक्षक, शिक्षा प्रेमी, बुद्धिजिबी र स्थानीय जनप्रतिनिधि ) आमन्त्रित गरि छलफल को माध्यमबाट योजनाको मस्यौदा तयार गरिएको छ। योजना निर्माण समितिलाई आबश्यकता अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरी यो मस्यौदा तयार गरिएकोछ।

## ६. योजना लेखाजोखा

कर्जन्हा नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्न योजनाको सबलताप्रासंगिकता ,, सुसंगतता र विश्वसनीयता आदि पक्षहरु ,हेरेकाछन। यो योजनाको लेखाजोखा प्रक्रिया कर्जन्हा नगरपालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामा बनेको हो। यस नगरपालिकाले स्थानीय तहको शिक्षा योजना निर्माण गरिसके पछि विश्वसनीयदिगो र लगानी योग्य छ या छैन भन्नका , लागी योजनाको विभिन्न पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ , जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो। निर्माण भएको योजनाको लेखालोखा कार्यलाई यस नगरपालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गरेको हो।

यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श, प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता, र खासखास मुद्दा तथा समस्या रहेका वडा ,गाउँ ,समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा ,भरपर्दो जानकारीहरुको विश्लेषण समावेश गरेकोछ। लेखाजोखा प्रक्रियालाई सुक्ष्मबिश्लेषण गर्न तलका तालिकामा बिभिन्नपक्षहरुलाई समाबेस गरी हेरिएकोछ ।

| क्र.सं. | लेखाजोखाको पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागिता | • स्थानिय तहको प्रमुखको संयोजकत्वमा सबै प्रतिनिधहरुको सहभागितामा छलफल भई मस्यौदा समिति गठन भएको। |

| | | |
|---|---|---|
| | | • मस्यौदा समितिमा निर्देशिकाले निर्धारण गरेको सबै पक्षको सहभागिता रहेको। <br> • योजना लेखनकार्य पारदर्शी रुपमा गरिएको। |
| २ | प्रयाप्तता र सान्दर्भिकता | • योजनामा समावेश भएको दुर दृष्टि, लक्ष्य, उद्धेश्य, कार्यनिति र कृयाकलापहरु स्थानिय तहको शिक्षा क्षेत्रका समस्या र चुनौतीहरुलाई सम्बोधन गर्ने गरी तयार गरिएकोछ। |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यस शिक्षा क्षेत्रको योजनाले स्थानिय तहको शिक्षालई अगाडी बढाउनको लागी योजनमा समता, सक्षमता तथ सिकाईमा गुणस्तर अभिबृद्धि गर्ने मुख्य क्षेत्रहरुलाई सम्बोधन गर्ने प्रयास गरेको छ। |
| ४ | अन्तरसम्बन्ध र तादाम्यता | • स्थानिय तहले बनाएको शिक्षा क्षेत्रको योजना राष्ट्रिय, प्रदेशद्धारा बनाईएको ऐन कानुन, निति तथा योजनाका लक्ष्य अनुरुप तयार गरिएको छ। <br> • स्थानिय तहले निर्माण गर्ने अन्य कृषी, स्वास्थ्य, भौतिक पूर्वाधार योजनाहरुसँग अन्तरसम्बन्ध रहेको छ। <br> • विद्यालय सुधार योजना र नमुना विद्यालय योजनाबीच अन्तर सम्बन्ध रहेको छ। |
| ५ | संभाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनाको लक्ष्य प्राप्तीको लागी कार्यान्वयन गरिने कृयाकलापहरु सान्दर्भिक रहेको छ। <br> • योजनाको गतिविधिहरुको सहज मापन, अनुगमण तथा मुल्याँकन गर्न सकिनेछ। <br> • योजना स्थानिय परिवेश, विशेष गरी जनसंख्याँ, जातजाति, आर्थिक, भाषिक रुपमा पछाडी परेका बर्गहरु र क्षेत्रका विकासकालागी सान्दर्भिक छ। |
| ६ | श्रोतको प्रवन्ध | • शिक्षा योजनामा समावेश गरिएको कार्यक्रमहरु संचालनका लागी संघ, प्रदेश र स्थानिय तह स्वमबाट श्रोतको व्यवस्थापन गर्न सकिनेछ। <br> • योजनाको प्रस्तावित कार्यक्रम तथा बजेट बीच आपसी तालमेल रहेको छ। <br> • यस योजना कार्यान्वयनको लागी दातृनिकायहरुको पनि सहयोग सहकार्य तथा साझेदारीबाट तयार गरिएको छ। |
| ७ | संस्थागत क्षमता | • योजना कार्यान्वयनको लागी स्थानिय तहमा रहेको विधमान संरचनहरुको प्रयोग गरि उच्चत्तम प्रतिफल हासिल गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| | | • योजनामा विभिन्न संयन्यत्र तथा पक्षहरुको क्षमता विकास, सहभागिता बृद्धिका लागी विभिन्न कार्यक्रमहरु तय गरेको छ। |
| ८ | कार्यान्वयनमा तत्परता | • यो योजना सथानिय तहले नै निर्मांंण गरिएकोले यसको कार्यान्वयन हुनुको साथै यसमा स्थानिय तहको अपन्त्व पनि हुनेछ । |
| ९ | तथ्याँक विश्लेषण र प्रक्षेपण | • स्थानिय तहको शैक्षिक सुचक तथा अन्य तथ्याँकहरुको आधारमा योजनाका रणनिति तथा कृयाकलापहरु समावेश गरिएको छ।<br>• तथ्याँक तथा सुचनाहरु वीच तादम्यता रहेको छ। |
| १० | अनुमण र प्रतिवेदन | • शिक्षा योजनामा अनुगमण तथा मुल्याँकनको छुट्टै अनुच्छेद राखिएको छ र सोही अनुसारको संयन्त्रको व्यवस्था गरिएको छ।<br>• अनुगमण तथा मुल्याँकनका सुचकहरुको आधारमा नतिजामा आधारित अनुगमण तथा मुल्याँकन गर्दा यो बढी पादर्शी र जवाफदेही हुने छ।<br>• प्रतिवेदन प्रणालीको विकास र सम्बन्धित पक्षलाई जवाफदेही वनाउन विषयहरु योजनामा समावेश गरिएको छ। |

**७. योजना दस्तावेजको स्वरूप**

स्थानीय तहको यस योजनाको स्वरूपलाई अनुसूची ३ बमोजिमको ढाँचाभित्र रही तयार गर्नुपर्दछ।

## परिच्छेद १ : परिचय

नेपालको संविधानले समतामूलक, समावेशी तथा समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मूल ध्येय राख्दै शिक्षा प्राप्त गर्ने नागरिकको मौलिक हकलाई सुनिश्चित गरेको छ। संविधानमा व्यवस्था गरिएका शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न **अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५**, **अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७** तथा **बालबालिका सम्बन्धी ऐन, २०७५** लगायतका कानुनी तथा नीतिगत व्यवस्थाहरू कार्यान्वयनमा रहेका छन्। त्यसैगरी, **राष्ट्रिय शिक्षा नीति, २०७६** ले संवैधानिक व्यवस्था तथा संघीय शासन प्रणालीको मर्मअनुरूप शिक्षा क्षेत्रमा आवश्यक सुधार, रूपान्तरण र गुणस्तर अभिवृद्धिका लागि नीतिगत आधार प्रदान गरेको छ।

नेपालमा शिक्षा क्षेत्रको विकासका लागि राणाकालको उत्तरार्धदेखि नै विभिन्न प्रयासहरू हुँदै आएको पाइन्छ। शिक्षा क्षेत्रलाई व्यवस्थित तथा योजनाबद्ध रूपमा अघि बढाउने क्रममा राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन, २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना, २०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८–२०३२), राष्ट्रिय शिक्षा आयोग, २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५, उच्चस्तरीय राष्ट्रिय शिक्षा कार्यदल, २०५८ **तथा** उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७६ लगायतका विभिन्न आयोग तथा कार्यदलका प्रतिवेदनहरू तयार भई कार्यान्वयनमा आएका छन्। यी प्रयासहरूले नेपालको शिक्षा प्रणालीको विकास, विस्तार, पहुँच, समावेशिता तथा गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। यसै क्रममा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरू समेत सञ्चालन हुँदै आएका छन्। रेडियो शिक्षा शिक्षक तालिम परियोजना, २०३५; निरीक्षण एकाइ परियोजना, २०३७; सेती परियोजना, २०३८; विज्ञान शिक्षा परियोजना, २०३८; प्राथमिक शिक्षा परियोजना, २०४१; आधारभूत आवश्यकता परिपूर्ति योजना, २०४४; आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो, २०४९ र दोस्रो, २०५६); प्राथमिक शिक्षा परियोजना, २०४९; माध्यमिक शिक्षा विकास परियोजना, २०५०; शिक्षाका लागि खाद्य कार्यक्रम, २०५२; शिक्षक शिक्षा आयोजना (२०५९–२०६५); माध्यमिक शिक्षा सहयोग कार्यक्रम (सन् २००३–२००८) तथा सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९–२०६६) लगायतका कार्यक्रमहरू कार्यान्वयन भएका छन्।

त्यसैगरी, व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८–२०७२), सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१–२०१५), सहस्राब्दी विकास लक्ष्य (सन् २०००–२०१५) तथा दिगो विकास लक्ष्य (सन् २०१५–२०३०) का शिक्षा सम्बन्धी उद्देश्य तथा सूचकहरू हासिल गर्न नेपाल सरकारले **विद्यालय क्षेत्र सुधार योजना (सन् २००९–२०१५)**, **विद्यालय क्षेत्र विकास योजना (सन् २०१६–२०२२)** र हाल कार्यान्वयनमा रहेको **विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२/२३–२०३१/३२)** मार्फत शिक्षा क्षेत्रको समग्र विकासका लागि मार्गदर्शन गर्दै आएको छ।संघीय शासन प्रणालीको कार्यान्वयनसँगै नेपालको संविधानले स्थानीय तहलाई शिक्षा सम्बन्धी महत्वपूर्ण अधिकार तथा जिम्मेवारी प्रदान गरेको छ। स्थानीय तहले आफ्नो स्थानीय आवश्यकता, सामाजिक तथा सांस्कृतिक परिवेश, जनसांख्यिक अवस्था, आर्थिक अवस्था र शैक्षिक अवस्थालाई आधार मानी स्थानीय स्तरमा शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा विकास गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा संघीय तथा प्रादेशिक शिक्षा नीति, कानुन, योजना तथा कार्यक्रमसँग तादात्म्य कायम गर्दै स्थानीय तहको विशिष्ट आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्ने उद्देश्यले कर्जन्हा नगरपालिकाले आगामी दश वर्षको शिक्षा विकासको स्पष्ट दृष्टिकोण, लक्ष्य, रणनीति तथा कार्यदिशा निर्धारण गरी सन् २०२४–२०३३ का लागि स्थानीय शिक्षा योजना (Local Education Plan–LEP) तयार गरेको छ।यस स्थानीय शिक्षा योजनाले कर्जन्हा नगरपालिकाभित्र गुणस्तरीय, समावेशी, समतामूलक, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने, सिकाइ उपलब्धि अभिवृद्धि गर्ने, विद्यालय शिक्षाको व्यवस्थापन तथा सुशासन सुदृढ गर्ने, शिक्षकको पेशागत क्षमता विकास गर्ने, बालमैत्री तथा सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने र शिक्षा क्षेत्रमा स्थानीय तहको नेतृत्व तथा उत्तरदायित्वलाई प्रभावकारी बनाउने लक्ष्य लिएको छ। साथै, योजनाले स्थानीय आवश्यकता र सम्भावनाका आधारमा शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि आवश्यक स्रोत, साधन, कार्यक्रम तथा कार्यान्वयन संयन्त्रलाई व्यवस्थित गर्ने आधारसमेत प्रदान गर्नेछ।

### १.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको हुनाले नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु सबै नगरपालिका र गाउँपालिकाहरुको कर्तव्य हुन आएको छ। शिक्षाले रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरी मानिसको जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माणमा पनि महत्वपुर्ण भूमिका खेल्ने भएको हुनाले शिक्षालाई गुणस्तरीय बनाउन यसमा प्राथमिकता साथ लगानि गर्नुपर्छ भन्ने माग पनि बढ्दै गएको छ। जननिर्वाचित स्थानीय सरकारबाट नागरिकहरुले आफ्ना बालबालिकाहरुका लागि गुणस्तरीय विद्यालय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरुको अपेक्षा राख्नु स्वाभाविक पनि हो। शिक्षामा गरिने राष्ट्रिय लगानिको बृद्धिले देशको समग्र विकासलाई नै गतिवान बनाएको पाइन्छ।

कर्जन्हा नगरपालिकाले आफ्नो क्षेत्र भित्र योजनाबद्ध रुपमा शिक्षाको विकास गर्ने उद्देश्यले यो नगर शिक्षा योजना निर्माण गरेको छ। यस योजनामा प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरेर सबै बालबालिकाको पहुँच भित्र गुणस्तरीय शिक्षा पुऱ्याउने र शिक्षालाई रोजगारीमुलक व्यवसायी र प्रविधियुक्त बनाएर जनजीविकासँग प्रत्यक्ष ,सम्बन्धित बनाउने कार्यक्रमहरु समावेश गरिएका छन्।

शिक्षा एक निरन्तर चलिरहने प्रकृया भएकोले औपचारिक शिक्षाको अवसरबाट बन्चित सबैलाई जीवनपर्यन्त सिक्ने वातावरणको निर्माणका लागि पनि यस योजनामा कार्यक्रमहरु समावेस गरिएका छन्। यसका साथै नगर क्षेत्र भित्र उच्च शिक्षाको अवस्था , आवश्यकता र संभावनाका विषयमा पनि यस योजनामा विषय उठान गरिएको छ। यसमा प्रस्ताव गरिएका सबै कार्यक्रमहरु यसनगर क्षेत्र भित्रका सबै नागरिकहरुको सरोकारका विषयवस्तु भएकाले सबै नागरिकको प्रत्यक्ष तथा परोक्ष संलग्नता सहभागिता र सहयोगमा , कार्यक्रम ससंचालन गर्ने गरी योजना निर्माण गरिएको छ। यस योजनाले कर्जन्हा नगरपालिकाद्वारा निर्माण गरिएको शिक्षा नीति २०७६ लाई योजना निर्माणको नीति निर्देशको रुपमा अंगिकार गरेर सोहि अनुसार कार्यक्रम र रणनीतिहरु तय गरिएको छ।

योजना भनेको भविश्यमा गरिने कामहरुको अनुमान भएको हुनाले योजना निर्माण गर्दा तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनशिलता महत्वपुर्ण हुन्छ। योजनामा प्रशताव गरिएका रणनीतिहरु र कृयाकलापहरुलाई यथा समयमा कार्यान्वयन गर्न सकिएको खण्डमा मात्रै अपेक्षा गरिएका उपलब्धिहरु हासिल गर्न सकिन्छ नेपालको संविधानले स्थानीय तहलाई प्रदत्त गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पुरा गर्ने काममा सबैको सहयोग भएमा विद्यालय शिक्षालाई सर्वसुलभ ,गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पुरा गर्न सकिनेछ ।

### (क) भौगोलिक अवस्थितिको विश्लेषण

कर्जन्हा नगरपालिका मधेस प्रदेश अन्तर्गत सिरहा जिल्लामा पर्दछ। ७६.८४ वर्ग कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको पूर्वमा मिर्चैया नगरपालिका, पश्चिममा धनुषा जिल्ला, उत्तरमा उदयपुर जिल्ला र दक्षिणमा कल्याणपुर नगरपालिका पर्दछ। नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार साविकको बडहरामाल, कर्जन्हा, कल्याणपुर कालाबञ्जर र गौताडी गा.वि.स. समावेशी गरी जम्मा ७ वटा वडा कायम गरी कर्जन्हा गाउँपालिका बनाइएको थियो भने पुनः नेपाल सरकारको मिति २०७४/२/८ गतेको निर्णयानुसार कर्जन्हा गाउँपालिकालाई हालको नगरपालिकामा स्तरोन्नति गरी जम्मा ११ वटा वडा कायम गरिएको हो। प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस पालिकामा विभिन्न धार्मिक, साँस्कृतिक र मनोरञ्जनात्मक पर्यटकीय स्थलहरु रहेको छ।

वडा नं. २ मा अवस्थित बाबा तालको रमणीय हेर्न, पिकनिक, वनभोज खान तथा ढुङ्गा चढ्न तथा नजिकमा रहेको महादेवको मन्दिरमा दर्शन गर्न वर्षेनी हजारौं पर्यटकको आवगमन हुन्छ। नन्दबाबा, मरेवा घाट, शिव मन्दिर आदि जस्ता धार्मिक स्थलमा बढ्दो जनविश्वासका कारण हजारौं दर्शनालम्बीहरुको आवगमन हुन्छ। कार्तिक पूर्णिमाको दिन स्वदेश तथा छिमेकी मुलुक भारतबाट समेत लाखौं भक्तजनहरु

उत्तरबाहिनी नदीमा स्नान गरी पुण्य कमाउन वर्षेनी आउने गर्दछन् भने उक्त दिन धामी झाक्रीले भूत खेल्ने हुँदा सो मेललाई भुतमेलाका रुपमा समेत चित्रण गरिएको पाईन्छ ।

**(ख) जनसाङ्ख्यिक सरंचनाको विश्लेषण**

राष्ट्रिय जनगणना, २०७८ को प्रारम्भिक नतिजाअनुसार यस नगरपालिकाको कुल जनसंख्या ३८,९४० रहेको छ। जसमा पुरुषको जनसंख्या १८,९६५ जना र महिलाको जनसंख्या १९,९७५ जना रहेको छ। कुल जनसंख्यामा महिलाको संख्या पुरुषको तुलनामा केही बढी रहेको देखिन्छ। नगरपालिकाको लैङ्गिक अनुपात १.०६ रहेको छ। यसबाट नगरपालिकामा लैङ्गिक दृष्टिले महिलाको जनसंख्या केही बढी रहेको अवस्था देखिन्छ। नगरपालिकाको जनसंख्यालाई विभिन्न उमेर समूहमा वर्गीकरण गरी हेर्दा बालबालिका, युवा, वयस्क तथा ज्येष्ठ नागरिकको जनसंख्या संरचना फरक–फरक रहेको पाइन्छ। विभिन्न उमेर समूहअनुसारको जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।कर्जन्हा नगरपालिकाको वडागत जनसंख्या बिवरण राष्ट्रिय जनगणना २०७८ अनुसार कर्जन्हा नगरपालिकामा जनसंख्याको वितरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**वडागत जनसंख्या बिवरण**

| वडा संख्या | घरधुरी सँख्या | जनसंख्या | | | औषत घरधुरी आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| जम्मा | ८२८९ | ३८५५७ | १८६४९ | १९९०८ | ४.६५ | ९३.६८ |
| वडा नम्बर १ | ६१० | २७०९ | १२५८ | १४५१ | ४.४४ | ८६.७० |
| वडा नम्बर २ | १०७७ | ५०४५ | २४८३ | २५६२ | ४.६८ | ९६.९२ |
| वडा नम्बर ३ | ९६५ | ४४२८ | २१३४ | २२९४ | ४.५९ | ९३.०३ |
| वडा नम्बर ४ | ६८१ | २८८१ | १३९८ | १४८३ | ४.२३ | ९४.२७ |
| वडा नम्बर ५ | ५५७ | २६०३ | १२६१ | १३४२ | ४.६७ | ९३.९६ |
| वडा नम्बर ६ | ९४९ | ४३२३ | २१३३ | २१९० | ४.५६ | ९७.४० |
| वडा नम्बर ७ | ८८१ | ४१५३ | २०१७ | २१३६ | ४.७१ | ९४.४३ |
| वडा नम्बर ८ | ६२७ | ३०७० | १४१९ | १६५१ | ४.९० | ८५.९५ |
| वडा नम्बर ९ | ५३१ | २५७७ | १२३३ | १३४४ | ४.८५ | ९१.७४ |
| वडा नम्बर १० | ७५६ | ३६७२ | १७८६ | १८८६ | ४.८६4 | ९४.७० |
| वडा नम्बर ११ | ६५५ | ३०९६ | १५२७ | १५६९ | ४.९३ | ९७.३२ |


श्रोतः राष्ट्रिय जनगणना २०७८

**उमेर अनुसार जनसंख्या विवरण**

| उमेर बिबरण | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| सबै उमेर समुह | **३८५५७** | **१८६४९** | **१९९०८** |
| ०-३ बर्ष | ३३१९ | १८३९ | १४८० |
| ४ बर्ष | १०१८ | ५४३ | ४७५ |
| ५ बर्ष | १०७५ | ५७४ | ५०१ |
| ५-९ बर्ष | ४६६३ | २४७१ | २१९२ |
| १०-१२ बर्ष | २६२७ | १३९९ | १२२८ |
| ५-१२ बर्ष | ७२९० | ३८७० | ३४२० |
| १३-१४ बर्ष | १४२९ | ७२५ | ७०४ |

| | | | |
|---|---|---|---|
| १५-१६ बर्ष | १५८६ | ८१० | ७७६ |
| १३-१६ बर्ष | ३०१५ | १५३५ | १४८० |
| १७-२१ बर्ष | ३७३१ | १७७३ | १९५८ |
| १७-६५ बर्ष | २१९०८ | ९८१९ | १२०८९ |
| २२-६५ बर्ष | १८१७७ | ८०४६ | १०१३१ |
| ६६+ बर्ष | २४८७ | १२८२ | १२०५ |

श्रोतः राष्ट्रिय जनगणना २०७८




**(ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण**

कर्जन्हा नगरपालिकाको सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु तत्मा/तत्वा, मुस्लिम, तेली, दनुवार, चमार/हरिजन/राम, थारु, धानुककेवत ,खत्वे ,धोबि ,, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम⁄ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर⁄सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, बंगाली, संयासी, नेवार, ब्राहमिनपहाडी–, माली, क्यास्थ, कामी, डोम, मोचि, कोइरी⁄कुसुवाहा, ब्राह्मणतराइ–, दमाइ⁄धोली, राइ अन्य आदी । यहाँ मैथलीउर्दु ,, थारु, दनुवार, नेपाली, सुनुवार, भोजपुरी, नेवार, राइ आदी भाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, इसलामबौद्ध ,क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहु विशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकता बीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

### (घ) आर्थिक अवस्थाको विश्लेषण:

कर्जन्हा नगरपालिकाको मुख्य पेशा कृषि हो । यँहाका धैरै जसो मानिसहरु खेतीपाती गर्दछन । खेतीपातीमा अन्नबलि, नगदेबाली, तरकारीखेती गर्ने गर्दछ । त्यस बाहेक पशुपालन, ब्यबसाय, बैदेशिक रोजगार र नोकरीमा पनि आबद्व रहेकाछन । नेपाल कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन कर्जन्हा नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यहाँका मानिसहरुको आर्थिक स्तर माथि उकास्न स्थानीय तहबाट बिभिन्न पहल हुँदै आइरहेकोछ । नगरपालिकाको औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार, व्यवसाय, लघु उद्योग, जागिर साथै आन्तरिक र वैदेशिक रोजगार हुन् । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेको यहाँका बासिन्दा क्रमशः आधुनिक जीवनशैलीमा समेत अभ्यस्त हुँदैछन् । अध्ययनका लागि यस नगरपालिकाको शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलवा अन्य छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् ।

### (ड.) शैक्षिक अवस्थाको विश्लेषण:

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५ वर्ष १२- वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र ८ उमेर समूहका लागि१३ वर्षको निःशुल्क माध्यमिक ४ वर्ष उमेर समूहका लागि १६-ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई २०७२ शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी कर्जन्हा नगरपालिका भित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा कर्जन्हा नगरपालिका को संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ ।

कर्जन्हा नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गरि उपलब्धि अवस्थाका आधारमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समग्र विश्लेषण गरि चुनौतीहरूको पहिचान यस योजनाको पहिलो परिच्छेदमा गरिएको छ भने प्रत्येक उपक्षेत्रको अलग अलग विस्तृत रूपमा वर्तमान अवस्थाको विश्लेषण गरि समस्या तथा चुनौतीहरू पहिचान-गरिएको छ। समग्रमा विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गरि गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने र विद्यालय तहको शिक्षामा समता तथा समावेशिताको प्रत्याभूति गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न अझै पनि चुनौतीहरू रहेका छन्।

## नीतिगत प्रबन्ध

नेपालको संविधान, २०७२ को भाग ३, धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। उक्त संविधानमा आधारभूत शिक्षामा पहुँचको हक, आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क, आर्थिक रुपले विपन्न र अपाङ्गता भएकालाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक तथा आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउने मौलिक हकको संवैधानिक व्यवस्था गरिएको छ। त्यसै गरी आधारभूत शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवम् गुणस्तरयुक्त बनाउन अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ ले प्रत्येक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ वटा अधिकारकार्यहरु प्रदान गरे अनुरुप कर्जन्हा नगरपालिका ले शिक्षा क्षेत्/रको गाउँ शिक्षा योजना र शिक्षा पार्श्वचित्र  निर्माण तथा कार्यान्वयन लगायत यहाँको समग्र शैक्षिक गुणस्तरलाई वृद्धि गर्न शैक्षिक अन्तरक्रिया, पेशागत क्षमता विकास, शैक्षिक गुणस्तर सुधार लगायतका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

## उपलब्धिको अवस्था

कर्जन्हा नगरपालिकामा १९ वटा सामुदायिक ,१  वटा धार्मिक र १४  वटा संस्थागत गरी जम्मा ३४  वटा विद्यालयहरु छन् । यस नगर पालिकामा २६ वटा बालविकास केन्द्र रहेकोछ । सामुदायिक बिद्यालयहरुमा कक्षा १-५ सम्म ९ वटा कक्षा १-८ सम्ममा ८ वाट, १-१२ सम्म २ गरी १९ र १ मदर्शा समेत गरेर २० वटा बिद्यालयहरु रहेकाछन् ।  फ्ल्यास रिपोर्ट २०८० अनुसार बालविकास केन्द्र मा कुल भर्ना दर ९३.८ र खुद भर्तना दर ५४.९ रहेकोछ । बाल  विकास को अनुभब लिएर कक्षा १ मा भर्ना हुने दर ६०.९ प्रतिशत रहेकोछ ।त्यसैगरी २६ बाल विकास केन्द्र मध्ये १२ वटामा शैक्षिक सामग्री को रम्रो ब्यबस्थान रहेकोछ ।

कर्जनाहा नगरपालिकाको कुल भर्ना दर ९३.८ र खुद भर्नादर ५४.९ रहेकोछ ।  त्यसै गरी कक्षा १-५ को कुल भर्ना दर १४४.८ र खुद भर्नादर ९५.५ रहेकोछ । कक्षा ६-८को कुल भर्नादर १०३.४ र खुद भर्नादर ९२.५ प्रतिशत रहेकोछ । कक्षा ९-१० को कुल भर्ना दर ८९.९ र खुद भर्नादर ८१.७ रहेकोछ । यसैगरी कक्षा ९-१२ को कुल भर्ना दर ७९.७ र खुद भर्नादर ५७.८ रहेकोछ । कक्षा ८ को टिकाउ दर ८३.५ रहेकोछ ।

**बिद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन**

विद्यालय क्षेत्र विकास योजना (२०७८-२०७३) र विद्यालय शिक्षा क्षेत्र योजना २०२२/२३ देखी २०३१/३२ ले दिएको अधिकारको आधारमा विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले कर्जन्हा नगरपालिकाले स्थानीय तहको शिक्षा क्षेत्र योजना २०८१-२०९० कार्यन्वयन गरी आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा सुधार ल्याई बालबालिकाहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सम्बर्धन गर्नेछ र शिक्षाको समग्र पक्षमा सुधार हुने छ।

**दिगो विकास लक्ष्य**

दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दिगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ हासिल गर्न कर्जन्हा नगरपालिका ले शिक्षा क्षेत्रको

योजना निर्माण गरेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि , ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित १० वर्षको स्थनीय तहको शिक्षा क्षेत्रको योजना २०८१-२०९० तयार गरी कार्यान्वयनमा ल्याउन (२०३३-२०२४) लागेकोछ।

**१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण**

कर्जन्हा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन्-

- प्रारम्भिक बालविकासकेन्द्रकक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।/
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु।
- नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- विद्यालयहरुमा तहतग अनुसार विद्यार्थीको अनुपातमा शिक्षकको व्यवस्थापन गर्नु ।
- इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउँनु।
- व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

**१.३ शिक्षाक्षेत्रका चुनौतीको SWOT विश्लेषण**

यस कर्जन्हा नगरपालिकाको शिक्षा क्षेत्रको सबल पक्ष, अवसर, चुनौती र सुधार गर्ने पक्षलाई तल विश्लेषण गरिएको छ

**क) शिक्षा क्षेत्रका सबल पक्षहरु**

कर्जन्हा नगरपालिकाको शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :

१. यस नगरपालिकाको सबै वडाहरुमा बिधालय रहेकाछन
२. सबै बिद्यालयमा बाल विकास र शिक्षा केन्द्र रहेकोछ
३. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ
४. कुल भर्ना दर ९३.८ प्रतिशत रहेको छ
५. खुद भर्ना दर ५४.९ प्रतिशत रहेकोछ
६. स्थानीय जनप्रतिनिधिहरुको साथ सहयोग राम्रोछ
७. बल बालिकाहरु को सिकाई उपलब्धि पहिले भन्दा धेरै सुधार भएको छ

**ख) शिक्षा क्षेत्रका अबसरहरु**

१. संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको
२. यो नगरपालिका शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको छ
३. पालिकाले शिक्षा सम्बन्धि नितिगत् ब्यबस्था गर्न प्रयासरत रहेको छ
४. यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेकछन
५. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेकोछ

**ग) शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु**

१. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्नेछ
२. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तह बाट निरन्तर अनुगनमा जोड दिनु आबस्यक छ
३. स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्नेछ
४. बिधालयमा खाजा ब्यबस्थापन भएपनि तेस्को गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगमण गर्नु पर्ने आबस्यकता देखिन्छ
५. छिमेकी स्थानीय तहको साक्षरता दर अनुरुप अगाडी बढन यस पालिकाले ध्यान केन्द्रित गर्नु पर्नेछ

**घ) शिक्षा क्षेत्रको चुनौतिहरु**

कर्जन्हा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -

१. प्रारम्भिक बालविकास केन्द्रकक्षाको समायोजन तथा पुनर्वित/रण गरी मापदण्ड अनुसार सञ्चालन नहुनु
२. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न नसक्नु ।
३. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण नहुनु ।
४. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नहुनु ।
५. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माण नहुनु ।
६. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि सहि सदुपयोग नहुनु ।
७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्न नसक्नु
८. सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि नगर्नु।
९. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
१०. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

११. शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै अर्नमा गाउँपालिकाले दरवन्दी मिलान गरेर भएपनी शिक्षक र प्र को .अ. व्यवस्थापन गर्नु पर्ने ।

**१.४ अवसर**

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन् -

१. सम्बैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु
२. शिक्षामा लगानी बृधि गरी गुणस्तर सुधार गर्न सक्नु
३. विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने।
४. शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
५. दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता रहेको।
६. सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
७. शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।
८. स्थानीय पाठ्यक्रममा बाताबरण संरक्षण हरित बिद्यालय निर्माण, जलबायु परिबर्तन समाबेश गरी कार्यान्वन गर्न सक्नु
९. स्थानीय तहको रैथाने ज्ञान र शिप प्रविधिलाई अन्त्रिकिकरण गर्न सक्नु

# परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनुपर्ने आधार

नेपालको संविधान २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। संबिधान को धारा ३१ को १ देखि ५ सम्म बिभिन्न ह्रकुको प्राबधान राखेकोछ त्यसै गरी धारा ५१ राज्यका नीति (ज) मा नागरिकका आधारभूत आबश्यकता सम्बन्धि नीतिको प्राबधान राखेकोछ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक बालबालिकाको हक लगायत राज्यका ,निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११  मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी (ज)  स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि सहज  भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना २०२४ सन्)-२०३३तयार गरिएको छ। (

वि२०१०.स. को नेपालमा“ शिक्षा” नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय तथा विश्वपरिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षानीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजनाजस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिका को गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु,  शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बालक्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरिमहत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाटनै विकेन्द्रीकरणको मर्म अनुरुप विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो।

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न  आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढेमात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना २०२४ सन्)-२०३३निर्माण गर्नु सान्दर्भिक देखिन्छ। (

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि२०३३ सन्) २०९० .सं.) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ।

**२.२ कर्जन्हा नगर पालिकाको दुरदृष्टि**

सामाजिक–आर्थिक रूपान्तरणका लागि शिक्षित, सभ्य, स्वास्थय र सक्षम, स्वावलम्बी, प्रतिस्पर्धी, नागरिकको विकासमा योगदान पु-याउनु ।

**२.३ लक्ष्य**

दक्ष जनशक्ति, जीवनोपयोगी सीपयुक्त, सामाजिक मूल्य मान्यता, समता र समवेशीताप्रति सचेत नागरिक तयार गर्ने।

**२.४ उद्देश्य**

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।

२. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु ।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।

६. विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु ।

७. आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

**२.५ रणनीति**

१. सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुर्‍याउननगरपालिका ,वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावकसचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

३. माध्यमिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्तापक्षहरुमा जोड दिने।

४. सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।

५. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

६. स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने ।

७. विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ताजोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने।

८. विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने। (८.४.२)

९. सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

### २.६ कार्यनीति

यस कर्जन्हा नगरपालिकाको शिक्षाको कार्यनीति यस प्रकार हुनेछ :

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्र म, निःशुल्क पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्र म सञ्चालन गरिनेछ ।

३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिइ विभिन्न प्रोत्साहनमू लक कार्यक्र म सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ ।

४. सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाका लागि विशेष सिकाइ सामग्रीको व्यवस्था तथा उपयुक्त शैक्षिक अवसरको सिर्जना गरिनेछ।

५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयक् तु पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

### २.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य २०३० सन्)) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त

हुने अपेक्षा गरिएको छ-

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच ,सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।
३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुने।
४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भईदैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा,सीप तथा ज्ञान , सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुने।
६. प्रविधिमैत्रीक्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने। ,
७. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएकोहुने।
८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागिगुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुने।

९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने।
१०. आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुने।
११. हरेक परिस्थितिमा बालबालिकालेभौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्नेअधिकारसुनिश्चित भएको हुने।
१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुने।
१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।
१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनकासमस्या तथा चुनौतीहरु सम्बोधन गरीआवश्यकतामा आधारित योजना निर्माण भएको हुने।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

कर्जन्हा नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्र योजना (सन् २०२४–२०३३) अन्तर्गत मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्यहरू निम्नबमोजिम निर्धारण गरिएका छन्।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ३६.१ | ३६.३३ | ३६.६९ | ३६.८७ | **Calibration tools** | EIMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.2** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ४५.७ | ४४.९० | ४४.०६ | ४३.२० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ९६.० | ९७.१२ | ९८.३५ | ९९.० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.9** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२६.६ | १२०.४ | ११५.० | १०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७.८ | ९८.१९ | ९८.१६ | ९८.१२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.१** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **११९.२** | **१२०.४४** | **१२०.६९** | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९५.५ | ९६.४ | ९७.७ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | **१५२.५** | **१५०.९६** | **१४९.४८** | **१४८.०** | | |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | | स्थानीय | ७७.९ | ७९.८८ | ८१.९१ | ८४.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | | स्थानीय | ६६.० | ६७.९८ | ७०.०३ | ७२.१३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | | स्थानीय | ४५.५ | ४२.७० | ३९.८४ | ३६.९५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | ०.८९ | ०.८९ | ०.८९ | ०.८९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९७.६८ | ९८.० | ९९.१ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | १४३.१ | १४२.३८ | १४१.६४ | १४०.९० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ६०.१ | ६१.९० | ६३.७६ | ६५.६७ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ५२.० | ५३.६५ | ५५.३५ | ५७.११ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.८४ | ०.८४ | ०.८४ | ०.८४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) | नेपाली भाषा | स्थानीय | ३७.० | ४४.० | ५५.० | ६५.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ४६.७८ | ५४.८० | ६५.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | २०.० | ३५.० | ४५.० | ६०.० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६८ | ६५ | ७० | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५६.६८ | ६५ | ७० | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ४३.० | ५८.० | ६०.० | ७०.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | २.७१ | २.० | १.५० | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | २.७१ | २.० | १.५० | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | २० | २० | २० | २० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४३.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ११.८ | १३.१५ | १४.७० | १६.४२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | **३४.८** | **३६.६७** | **३८.६१** | **४०.६६** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | ०.९४ | ०.९४ | ०.९४ | ०.९५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ८० | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | ८४.५ | ८५.० | ८७.९ | ९९.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | ८४.१ | ५५.० | ६०.० | ६३.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२४.०** | | | | | |
| ३.७ | | | स्थानीय | ८४.१ | | | | | |
| | | | प्रदेश | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | राष्ट्रिय | | **२०.६** | **२२.०** | **२७.०** | **३३.०** | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | ३५.४ | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | **१५.०** | | | |
| | | | प्रा.व्या. | **१०.०** | **१७.०** | **३०.०** | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | **६२.०** | **६३.९** | **६३.०** | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | **५३.६** | **५४.४** | **५४.०** | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | **३५.४** | **३८.६** | **३७.०** | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | **४७.४** | **५०.६** | **४९.०** | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ६४.५१ | ६६.६१ | ६८.७१ | ७०.८१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ८७.० | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.५७ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | **३१.०** | **४०.०** | **५०.०** | **७५.०** | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४७.१ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ५०.१ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ४०.१ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ७७:१ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ७५:१ | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

## परिच्छेद ३ : शिक्षाका मुख्य उपक्षेत्रहरु

### परिचय

कर्जन्हा नगरपालिकाले निर्माण गरेको यस शिक्षा क्षेत्रको योजना सन् २०२४२०३३- का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२४२०२८- का लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीतिहरू पहिचान गरि मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण गरिएको छ।

यस शिक्षा क्षेत्रको योजनाको तेश्रो परिच्छेदमा विद्यालय क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरूबालविकास र शिक्षा :,आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेकाछन। यसमा प्रत्येक

उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरूनिर्धारण गरिएको छ।

## ३.१ बालविकास र शिक्षा

**परिचय**

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास" मा (३) भनी उल्लेख गरेको छ "तथा बाल सहभागिताको हक हुनेछ र शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नति, २०७६ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ।

कर्जन्हा नगरपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार,समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर कर्जन्हा नगरपालिका ले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.१.१ बालबिकास तथा शिक्षाको वर्तमान अवस्था

कर्जन्हा नगरपालिकामा हाल सामुदायिक र संस्थागत गरेर जम्मा ३६ वटा, सामुदायिक १८ वटा बिद्यालय मा २५ वटा बाल विकास केन्द्रहरु सञ्चालनमा रहेका छन्। बालविकास केन्द्रहरुमा २६ शिक्षकहरु छन् भने १७३४ बालबालिकाहरु अध्ययन गरिर्हेकछन।फ्ल्यस रिपोर्ट २०८० अनुसार यस नगरपालिकामा बल विकास केन्द्रमा कुल भर्ना दर बालिका को ९३.४ प्रतिशत र बालक को ९४.१ प्रतिशत रहेकोछ । त्यसै गरी खुद भर्ना दर बालिकाको ५९.१ प्रतिशत र बलिकको ५१.७ प्रतिशत र जम्मा ५४.९ प्रतिशत रहेकाछन्। कक्षा १ मा बाल विकास केन्द्रको अनुभब लिएर ६०.९ प्रतिशत बालबालिका बिद्यालय भर्ना हुने गरेको पाएकोछ।

प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन्, जसमध्ये, एस्.एल्.सी. योग्यता भएका ६ जना, प्रवीणता प्रमाणपत्र तह योग्यता भएका १२ जना सहजकर्ता कार्यरत छन्। यसरी हेर्दा यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संशोधन २०७५ अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यून छ भने अर्कातिर उनीहरुका लागि कुनै सघन तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन। तथापी सबै सहजकर्तालाई ५ दिने पुनर्ताजगी तालिम शैक्षिक शत्र २०८० मा दिईएको थियो।

प्रारम्भिक बालविकास तथा शिक्षामा देखिएका विद्यमान चुनौतीहरु :

१. २५ मध्ये कुनै पनि प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम् मापदण्ड पूरा नगर्नु।
२. प्रारम्भिक वालविकासमा कुन भर्ना दर ५४.९ प्रतिशत मात्र हुनु।

३. प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाहरु ६०.९ प्रतिशत मात्रै हुनु ।
४. प्रारम्भिक वालविकास तथा शिक्षा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु ।
५. सहजकर्ताहरुको पारिश्रमिक न्यून हुनु ।
६. बालविकास तथा शिक्षामा शिक्षक विद्यार्थीको अनुपात १६७ हुनु ।
७. अपाङ्ग विद्यार्थीहरुको अद्यावधिक तथ्याङ्क नहुनु ।
८. १५ जना मात्रै बालविकास शिक्षक तालिम प्राप्त हुनु ।

### ३.१.२ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ-

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।
३. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.१.३ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ -

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ २०७५ पहिलो संशोधन)) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
२. माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।
३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमशः कार्यक्रम ल्याइनेछ।
४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय,गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।
५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- कर्जन्हा नगरपालिकाका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूमा आवश्यकताअनुसार बालबालिकाको पहुँच विस्तार भएको छ।
- प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सबै सहजकर्ता महिला रहेका छन् र अधिकांश सहजकर्ताले नेपाल सरकारले तोकेको न्यूनतम शैक्षिक योग्यता पूरा गरेका छन्।
- कार्यरत सहजकर्ताहरूलाई शैक्षिक सत्र २०८० मा ५ दिने पुनर्ताजगी तालिम प्रदान गरिएको छ।
- बालबालिकाको प्रारम्भिक सिकाइ, विकास तथा विद्यालय प्रवेशका लागि आवश्यक आधार तयार गर्ने कार्यमा प्रारम्भिक बालविकास केन्द्रहरूले योगदान पुऱ्याएका छन्।
- बालबालिकाको उमेरअनुसार सिकाइ, खेल तथा क्रियाकलापमा आधारित शिक्षण अभ्यासलाई क्रमशः प्राथमिकता दिइँदै आएको छ।

- प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहबाट आवश्यक समन्वय तथा सहजीकरण हुँदै आएको छ।
- प्रारम्भिक बालविकास तथा शिक्षालाई थप बालमैत्री, समावेशी, अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री बनाउने विषयलाई आगामी योजनामा प्राथमिकताका साथ समेटिएको छ।
- सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | १७३४ | १७६६ | १७९८ | १८३० | १८६२ | १८९४ |
| २ | न्यूनतम मापदण्ड पुरा गरेको बालविकास केन्द्रको सङ्ख्या | ० | २५ | २५ | २५ | २५ | २५ |
| ३ | तालिम प्राप्त शिक्षक संख्या | १५ | २६ | २६ | २६ | २६ | २६ |
| ४ | नयाँ बालविकास केन्द्र स्थापना | ० | १ | | १ | ० | ० |
| ५ | अपाङ्गता भएका बालबालिकाहरुको पहिचान | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ६ | अभिभावकहरुलाई सचेतना | १७३४ | १७६६ | १७९८ | १८३० | १८६२ | १८९४ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संसोध) अनुसार मापदण्ड पूरा“(२०७५ | पटक | | १ | | १ | | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | १ | | | १ | १ | नगरपालिका |
| ३ | बालविकास सहजकर्ताका लागि आधारभूत तालिम | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ४ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | बालविकास | १ | १ | १ | १ | १ | १० | संघ |
| ५ | अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका/ स्वास्थ्य शाखा |
| ६ | प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना अभियान र स्वागत कार्यक्रम | संख्या | | १ | १ | १ | १ | 9 | संघ/प्रदेश/ नगरपालिका |
| ७ | शिक्षकको पेसागत क्षमता विकास पुर्ताज्गी तालिम | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/प्रदेश/ नगरपालिका |
| ८ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषाको प्रयोग | आवश्यकतानुसार | | | | | | | विद्यालय |
| ९ | प्रारम्भिक बालविकास शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | संख्या | २६ | २६ | २६ | २६ | २६ | २६ | संघ/ नगरपालिका अनुसार |

## ३.२ आधारभूत शिक्षा

**परिचय**

आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बालशिक्षादेखि कक्षा ८ सम्म प्रदान गरिने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरी कक्षा १–८ लाई आधारभूत शिक्षा र कक्षा ९–१२ लाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेपछि नेपालको विद्यालय शिक्षा मुख्यतः आधारभूत र माध्यमिक गरी दुई तहमा संरचित भएको हो। प्राथमिक र निम्न माध्यमिक तहलाई एकीकृत गरी निर्माण गरिएको आधारभूत शिक्षा नेपालको संविधानको धारा ३१ अन्तर्गत नागरिकको मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ।

गुणस्तरीय आधारभूत शिक्षाले बालबालिकाको सिकाइ उपलब्धि तथा व्यक्तित्व विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनुका साथै गरिबी न्यूनीकरण, रोजगारी तथा जीवनस्तर सुधार र सामाजिक तथा आर्थिक विकासमा समेत सकारात्मक प्रभाव पार्दछ। विभिन्न अध्ययन तथा प्रतिवेदनहरूले गुणस्तरीय आधारभूत शिक्षाले व्यक्ति, समाज र राष्ट्रको समग्र विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखाएका छन्।

आधारभूत शिक्षाको महत्वलाई दृष्टिगत गर्दै कर्जन्हा नगरपालिकाले यस शिक्षा क्षेत्र योजनामा कक्षा १ देखि ८ सम्मको शिक्षामा सबै बालबालिकाको पहुँच, सहभागिता, गुणस्तर, समता तथा समावेशीकरण सुनिश्चित गर्ने विषयलाई प्राथमिकतामा राखेको छ। यस क्रममा आधारभूत शिक्षाको वर्तमान अवस्था, उपलब्धि तथा विद्यमान चुनौतीहरूको समीक्षा गरी आगामी दश वर्षका लागि शिक्षाको विकास र सुधारका उद्देश्य, रणनीति, अपेक्षित नतिजा, प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ। साथै, विद्यालयको व्यवस्थापकीय क्षमता अभिवृद्धि, शिक्षकको पेशागत विकास, प्रविधिमैत्री शिक्षण–सिकाइ, सुरक्षित तथा बालमैत्री विद्यालय वातावरण र सबै वर्ग तथा समुदायका बालबालिकाका लागि समान शैक्षिक अवसर सिर्जना गर्ने विषयलाई योजनामा समेटिएको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्र उल्लिखित प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनैतहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.१. वर्तमान अवस्था

कर्जन्हा नगरपालिका  भित्र कक्षा १-५  सञ्चालित जम्मा ९ वटा बिद्यालय रहेकाछन भने कक्षा १-८ को ८ गरि जम्मा ८ र १ वटा मदर्शा बिद्यालय गरी जम्मा १८ वटा आधारभूत बिद्यालय रहेकाछन । फ्ल्यास रिपोर्ट २०८० अनुसार कर्जन्हा नगरपालिकाको कुल भर्ना दर ९३.८ प्रतिशत र खुद भर्ना दर ५४.९ प्रतिशत रहेकोछ । यसैगरी कक्षा १-५ को कुल भर्ना दर १४४.८ र खुद भर्ना दर ९५.५ रहेकोछ । कक्षा १-८ को कुल भर्ना दर १३०.७ र खुद भर्ना दर ९४.५ रहेकोछ । यस कर्जनाहा नगरपालिकाको कक्षा ८ को टिकाउ बालिकाको दर ७९.७ प्रतिशत र बालक को ८७.२ प्रतिशत छन् भने जम्मा कक्षा ८ टिकाउ दर ८३.५ रहेकोछ ।

कर्जन्हा नगरपालिकाको कक्षा १ ५-मा जम्मा ७१५१ जना र कक्षा ६-८ मा २६५९ गरी आधारभूत तहमा कुल जम्मा ९८१० बालबालिकाहरु अध्ययन गरिरहेका छन् ।  यस नगरपालिकाको कक्षा १-५ मा १०२ जना शिक्षक र कक्ष ६-८ मा ३५ गरि जम्मा आधारभूत तह मा १३७ जना शिक्षकहरु कार्यरत रहेकाछन ।  यस पालिकाको शिक्षक बिधार्थी अनुपात १:७२ रहेकोछ ।

विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। आधारभूत तह (कक्षा १५-) मा एस् .सी.एल. जना ३४ योग्यता भएका .एड.आइ ,जना १० योग्यता भएका, स्नातक योग्यता भएका १८ जना र स्नातकोत्तर योग्यता भएका १० जना शिक्षक कार्यरत रहेको साथै आधारभूत तह (कक्षा ६८-) मा  आइ जना ४ योग्यता भएका .एड., स्नातक योग्यता भएका ७ जना र स्नातकोत्तर योग्यता भएका ५ जना शिक्षक कार्यरत रहेको  छ।

**आधारभूत शिक्षामा देखिएका विद्यमान चुनौतीहरु -**

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने।
३. विद्यालयको प्रशासनिकबालमैत्री बनाउने। ,भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री ,
४. विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय,गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने।
५. सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धिगरि शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने।

### ३.२.२ उद्देश्य

यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,

३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,
४. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

### ३.२.३ रणनीतिहरु

**योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -**

१. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
५. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने ।
६. सबै विद्यालयहरूमा प्राथमिकताप्राप्त न्यूनतम सक्षमता पुरा गराउने ।
७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
८. वैकल्पिकपरम्परागत शिक्षा तथा सिकाइ/खुला/अनौपचारिक/, लक्षित कार्यक्रम, प्रोत्साहन मूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
९. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।
१०. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
११. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
१२. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कन सँग सम्बन्धित क्षमता विकास गरिनेछ।
१३. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।
१४. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
१५. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
१६. विद्यालय तथा शैक्षिक निकायको शासकीयतथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजाहरु

**क) उपलब्धिहरु**

१ . अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुनेछ।
२. आधारभूत तहका विद्यालयमा बालमैत्री, समावेशी तथा सुरक्षित सिकाइ वातावरणको विकास भएको हुनेछ।
३. विद्यालय उमेरका सबै बालबालिकाको आधारभूत शिक्षामा पहुँच तथा नियमित सहभागिता सुनिश्चित भएको हुनेछ।
४. आधारभूत तहमा विद्यार्थीको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार भएको हुनेछ।
५. विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने तथा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या घटेको हुनेछ।
६. शिक्षकहरूको पेशागत क्षमता विकास तथा प्रविधिको प्रयोगमार्फत शिक्षण–सिकाइ प्रक्रियामा सुधार भएको हुनेछ।
७. अपाङ्गता भएका, विपन्न, दलित तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकाका लागि समतामूलक र समावेशी शैक्षिक अवसर सुनिश्चित भएको हुनेछ।
८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार भई शिक्षण–सिकाइ प्रक्रिया थप प्रभावकारी भएको हुनेछ।

**ख) प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
२. विद्यालय नक्साङ्कन मार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति सचेत बनाउने।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्रथिमिक कक्षा १-५) मा विधालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | 380 | 300 | 260 | 110 | 90 | 0 |
| २ | आधारभूत तह ( कक्षा १-५) मा बिधार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | 26% | 35% | 50% | 70% | 85% | 100% |
| ३ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabiling Conditions ) पुरा गरेका आधारभूत तहका विधालयको सङ्ख्या | 13 | 13 | 15 | 17 | 18 | 9 |
| | स्थानीय पाठ्यक्रम २०८० को कार्यान्वयन | १८ | १८ | १८ | १८ | १८ | १८ |
| | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्र | १८ | १८ | १८ | १८ | १८ | १८ |

**३.२.५. प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | १ | | ४ | नगरपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | १ | | १ | ६ | नगरपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९६.०१ | ९६.०७ | ९७.०३ | ९७.०९ | ९८.० | १०० | नगरपालिका |
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | १,२,३ | ४-५ | ६ | ७ | १-७ | नगरपालिका |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारी लगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | १० | नगरपालिका |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ६ | ६ | ६ | ६ | ६ | ६० | नगरपालिका |
| १२ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | एउटा बच्चाको भर्ना मेरो : सामाजिक दायित्व कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| १५ | प्रति बच्चा प्रति दिन रु १० बचत पालिका प्रमुख कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| १६ | सिमान्तकृत तथा विद्यालय बाहिर रहेका बालबालबालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| १७ | वडा तथा पालिकास्तरमा सत प्रति विद्यालय पहुँच घोषणा कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| १८ | कक्षा १ देखि ३ सम्मको पठनसीप तथा गणितीय सीप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा ब्यवस्थापन सञ्चालन (Book corner अनुदानबाट विद्यालयले गर्ने) | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| १९ | प्रारम्भिक कक्षाको शिक्षणका क्रमिक सिकाइ रणनितिको निरन्तरता सहित प्रविधिमैत्री तथा बालमैत्री शिक्षण सिकाइका लागि शैक्षिक सामग्री सहयोग कार्यक्रम (बालविकास शिक्षण सिकाइ नन्स्यालिरीबाट गर्ने) | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २० | बालबालिकाहरुको पठन सहित सिकाइ सुधारमा योगदान पुर्याउने उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २१ | कक्षा १ देखि ३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठाइ तथा गणितिय सीप परिक्षण सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | बार्षिक रुपमा विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २३ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २४ | शिक्षकले कक्षाकोठामा विताउने समयको पुर्ण कार्यान्वयनमा सहयोग | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २५ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा तालिम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २६ | छापामय कक्षा कोठा | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २७ | शिक्षक सम्मान कार्यक्रम | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २८ | नमुना बिद्यालय घोसणा पुरस्कार | संख्या | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| २९ | गृह बिद्यालय संचालन | संख्या | | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ३० | सिकाई क्षेती अपुरण तथा द्रुत सिकाई कार्यन्वयन | संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ३१ | अपांगताको प्रारम्भिक पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | १ | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ३१ | सिकाईकोबिस्वब्यपी ढाँचाको कार्यन्वयन | संख्या | १८ | १८ | १८ | १८ | १८ | १८ | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |
| ३३ | शिक्षक पेशागत सहयोग समिति गठन | संख्या | १ | | | | | | संघ/ प्रदेश/ नगरपालिका /विद्यालय |

## ३.३ माध्यमिक शिक्षा

**परिचय**

नेपालको संविधानले २०७२ले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ | संविधानका उल्लेखित प्रावधानहरूले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९ १२-सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा परम्परागत प्राविधिक र साधारण धारको शिक्षा छनोट गर्ने , अवसर प्रदान गर्नु पर्दछ। यस तहको शिक्षालाई जीवनउपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनु पर्दछ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यावसायिक सीप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ। कर्जन्हा नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी बनाउदै लैजाने नीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

कर्जन्हा नगरपालिका  भित्र हाल कक्षा ८-१२ सम्म जम्मा २ वटा बिद्यालयहरु रहेकाछन । यस पालिकाको कक्षा ९-१० को कुल भर्ना दर ८९.९ प्रतिशत र खुद भर्ना दर ८१.७ प्रतिशत रहेकोछ । त्यसैगरी कक्षा ९-१२ को कुल भर्ना दर ६९.७ र खुद भर्ना दर ५७.८ रहेकोछ । यस नगरपालिकामा माध्यमिक तहमा १ बालिका र ७ बालक गरी जम्मा ८ वटा अपांगताभएका बालबालिकाहरु अध्ययन गरिरहेकोछ । कर्जन्हा नगरपालिकामा जम्मा ३७ जना शिक्षकहरुले अध्यापन गरिरहेकाछन ।

यस पालिका भित्र माध्यमिक तह कक्षा ९मा १२- जम्मा १७९६ बालबालिका रहेकाछन  | शिक्षक बिधार्थी अनुपात हेर्दा १:४९ रहेको देखिन्छ  | शिक्षकहरुको योग्यता र दक्षताको अवस्था हेर्दा  स्नातक योग्यता भएका ७ र स्नातकोत्तर योग्यता भएका ३० जना गरी जम्मा ३७ जना शिक्षक कार्यरत रहेका छन् ।

**माध्यमिक शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने।
२. माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षाला ई व्यवस्थित गर्ने।
३. विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने।
४. प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने।
५. विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने।
६. शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने।
७. विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने |
८. विषायगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने।
९. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन गर्ने। .अ.
१०. शिक्षक पेशागत सहयोगको नहुनु |

### ३.३.२. उद्देश्यहरु

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।

२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना  तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोऱ्याउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहारकुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।

### ३.३.३ रणनितिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण ,समायोजन तथास्थापना गरीनेछ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरीनेछ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरीनेछ।
५. हरेक विद्यालयको शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधमा पहुँच बढाइनेछ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्रव्यवस्थापन गरीनेछ। .अ.
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।
८. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण, समायोजन तथा थप गर्नेछ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१ .माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१० ) मा भर्ना भएका विधार्थी सङ्ख्या | १३०३ | १३३० | १३५७ | १३८४ | १४११ | १४३८ |
| २ | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएको विधार्थी सङ्ख्या | ४९३ | 503 | 513 | 523 | 533 | 543 |
| ३ | बिज्ञान बिषयमा अध्यनरत विधार्थी सङ्ख्या | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | न्यूनतम सिकाइ सवलिकरण मापदण्ड (MEC) पुरा गरेका माध्यमिक विधालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | | १ | | ४ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | १ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | | | १ | | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | आवश्यकता अनुसार स्कूल बसको व्यवस्था तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | १ | | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | विद्यालयमा न्यूनतम् भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी आदी | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | | १ | | १ | ६ | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| १० | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ४ | नगरपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | ५ | नगरपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १४ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |

## ३.४ प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम

**परिचय**

आधुनिक समाजमा शिक्षा केवल सैद्धान्तिक ज्ञान प्राप्त गर्ने माध्यम मात्र नभई व्यक्तिलाई जीवनोपयोगी, व्यावसायिक तथा रोजगारमूलक सीप प्रदान गर्ने महत्वपूर्ण आधारका रूपमा स्थापित भएको छ। शिक्षाले व्यक्तिमा ज्ञान, सीप, दक्षता, सिर्जनशीलता, उद्यमशीलता तथा समस्या समाधान गर्ने क्षमता विकास गर्न सकेमा मात्र शिक्षा व्यक्तिको जीवनसँग प्रत्यक्ष रूपमा जोडिन सक्छ। नेपालको सन्दर्भमा पनि विद्यालय तहको शिक्षालाई रोजगार तथा स्वरोजगारसँग जोड्ने, उत्पादनमूलक बनाउने र युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई विशेष प्राथमिकता दिइएको छ।

शिक्षा हासिल गरेपछि पनि पर्याप्त सीप र रोजगारीको अवसर नपाउँदा ठूलो संख्यामा युवा बेरोजगार वा अर्धबेरोजगार बन्ने अवस्था विद्यमान छ। विद्यालय तथा शिक्षण संस्थाले बजारको आवश्यकता र विद्यार्थीको रुचिअनुसार व्यवहारिक तथा प्राविधिक सीप प्रदान गर्न नसक्दा शिक्षित जनशक्ति रोजगारीका लागि अन्यत्र जानुपर्ने अवस्था सिर्जना भएको छ। यसका साथै, प्राविधिक तथा व्यावसायिक शिक्षाका अवसरहरू सीमित हुनु, आवश्यक पूर्वाधार तथा उपकरणको अभाव, दक्ष प्रशिक्षकको कमी, तालिम र श्रम बजारबीच पर्याप्त समन्वय नहुनु तथा तालिमपछि रोजगारी र स्वरोजगारका लागि आवश्यक पूँजी तथा सहजीकरणको अभावजस्ता समस्या पनि रहेका छन्।माध्यमिक तहमा प्राविधिक धारको व्यवस्था गर्नुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) तथा अन्य सम्बन्धित निकायमार्फत विभिन्न प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यस्ता कार्यक्रमले युवाहरूमा सीप तथा दक्षता विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याए पनि स्थानीय आवश्यकता, श्रम बजारको माग र उपलब्ध आर्थिक तथा प्राकृतिक स्रोतसाधनसँग अझ प्रभावकारी रूपमा जोड्नुपर्ने आवश्यकता रहेको छ।

त्यसैगरी, कक्षा ६–८ मा समावेश गरिएको पेशा, व्यवसाय तथा प्रविधि शिक्षालाई पनि केवल सैद्धान्तिक विषयका रूपमा सीमित नराखी व्यवहारिक, प्रयोगात्मक तथा जीवनोपयोगी बनाउन आवश्यक छ। विद्यार्थीहरूलाई प्रारम्भिक अवस्थादेखि नै विभिन्न पेशा, व्यवसाय, प्रविधि तथा उद्यमशीलतासम्बन्धी जानकारी तथा अनुभव प्रदान गर्न सकेमा भविष्यमा उनीहरूले आफ्नो रुचि, क्षमता र स्थानीय अवसरअनुसार उपयुक्त पेशा छनोट गर्न सक्नेछन्।

कर्जन्हा नगरपालिकाको सन्दर्भमा पनि विद्यालय शिक्षा पूरा गरेका तर उच्च शिक्षा हासिल गर्न नसक्ने वा उच्च शिक्षाभन्दा सीपमूलक तथा रोजगारमूलक शिक्षातर्फ आकर्षित किशोर–किशोरी तथा युवाहरूका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको आवश्यकता रहेको छ। स्थानीय स्तरमा कृषि, पशुपालन, निर्माण, विद्युत्, प्लम्बिङ, कम्प्युटर तथा सूचना प्रविधि, सिलाइ–कटाइ, ब्युटिसियन, होटल तथा पर्यटन, मोटरसाइकल तथा अन्य मेसिनरी मर्मत, खाद्य प्रशोधन, हस्तकला लगायतका क्षेत्रमा सीप विकास गरी युवाहरूलाई रोजगार तथा स्वरोजगारसँग जोड्न सकिने सम्भावना रहेको छ।यसै सन्दर्भमा कर्जन्हा नगरपालिकाले स्थानीय आवश्यकता, युवाको रुचि, उपलब्ध स्रोतसाधन, श्रम बजारको माग तथा भविष्यमा सिर्जना हुन सक्ने रोजगारीका अवसरलाई ध्यानमा राखी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँच, गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्ने लक्ष्य लिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षालाई रोजगार, स्वरोजगार, उद्यमशीलता र स्थानीय आर्थिक विकाससँग आबद्ध गर्दै दक्ष तथा उत्पादनशील जनशक्ति निर्माण गर्नु यस योजनाको प्रमुख उद्देश्य हुनेछ।

### ३.४.१ वर्तमान अवस्था

कर्जन्हा नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति विद्यार्थी, अभिभावक तथा युवाहरूको रुचि क्रमशः बढ्दै गएको भए पनि यस क्षेत्रमा पर्याप्त अवसर तथा संस्थागत व्यवस्था विकास हुन बाँकी रहेको अवस्था छ। विशेषगरी माध्यमिक तह पूरा गरेका तथा उच्च शिक्षामा जान नसक्ने वा नचाहने युवाहरूलाई छोटो अवधिको रोजगारमूलक तथा व्यावसायिक तालिम प्रदान गरी उनीहरूलाई रोजगारी वा स्वरोजगारसँग जोड्ने पर्याप्त अवसरको आवश्यकता रहेको छ।

नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तारका लागि स्थानीय सरकार, विद्यालय, CTEVT, निजी क्षेत्र, गैरसरकारी संस्था, उद्योग तथा व्यवसायीबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक देखिन्छ। स्थानीय श्रम बजारमा आवश्यक पर्ने सीप तथा दक्षताको पहिचान गरी सोहीअनुसार तालिम कार्यक्रम सञ्चालन गर्न सकेमा तालिम प्राप्त जनशक्तिलाई स्थानीय स्तरमै रोजगारी तथा स्वरोजगारका अवसरमा जोड्न सकिने सम्भावना रहेको छ।प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने संस्थाहरूमा पर्याप्त भौतिक पूर्वाधार, प्रयोगशाला, कार्यशाला, आधुनिक उपकरण, प्रविधि तथा दक्ष प्रशिक्षकको व्यवस्था हुन आवश्यक छ। प्राविधिक शिक्षामा प्रयोगात्मक अभ्यास महत्वपूर्ण हुने भएकाले विद्यार्थीलाई पर्याप्त अभ्यास तथा कार्यअनुभव उपलब्ध गराउनु पनि आवश्यक देखिन्छ।

त्यसैगरी, प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गरेका युवाहरूलाई तालिमपछि रोजगारी खोज्न, व्यवसाय सञ्चालन गर्न, आवश्यक पूँजी जुटाउन, बजारसँग जोडिन तथा व्यवसाय व्यवस्थापन गर्न सहयोग गर्ने प्रणालीको समेत आवश्यकता रहेको छ। तालिम प्रदान गरेर मात्र रोजगारी तथा स्वरोजगार सुनिश्चित नहुने भएकाले सीप विकाससँगै रोजगार परामर्श, उद्यमशीलता विकास, वित्तीय साक्षरता, बजार व्यवस्थापन तथा सहजीकरणका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। कक्षा ६–८ मा सञ्चालन हुने पेशा, व्यवसाय तथा प्रविधि विषयलाई पनि स्थानीय स्रोत, सीप र व्यवसायसँग जोडेर व्यवहारिक बनाउन आवश्यक छ। विद्यार्थीहरूमा सानै उमेरदेखि श्रमप्रतिको सम्मान, सीपको महत्व, उद्यमशील सोच तथा स्वरोजगारको अवधारणा विकास गर्न यस विषयले महत्वपूर्ण भूमिका खेल्न सक्छ। यसरी हेर्दा कर्जन्हा नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकासका लागि पर्याप्त सम्भावना भए पनि संस्थागत क्षमता, पूर्वाधार, दक्ष जनशक्ति, उपकरण, लगानी, श्रम बजारसँगको सम्बन्ध तथा तालिमपछिको सहजीकरणलाई थप प्रभावकारी बनाउनुपर्ने अवस्था रहेको छ।

### ३.४.२. उद्देश्य

१.विद्यालय शिक्षाबाट बाहिर आएका, बाहिरिन सक्ने तथा प्राविधिक र व्यावसायिक शिक्षामा रुचि भएका किशोर–किशोरी तथा युवाहरूलाई रोजगार तथा स्वरोजगार हुन सहयोग पुग्ने छोटो तथा लामो अवधिका प्राविधिक तथा व्यावसायिक सीपसम्बन्धी तालिम प्रदान गर्ने।

२.स्थानीय श्रम बजारको माग, उपलब्ध स्रोतसाधन तथा रोजगारीका सम्भावनाका आधारमा रोजगारमूलक तथा स्वरोजगारमूलक सीप विकास गर्ने।

३.प्राविधिक तथा व्यावसायिक शिक्षामा सबै वर्ग, समुदाय, महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित समूहको पहुँच र सहभागिता सुनिश्चित गर्ने।

४.प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर, सान्दर्भिकता र प्रयोगात्मक पक्षमा सुधार गर्ने।

५.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई रोजगार, स्वरोजगार, उद्यमशीलता तथा स्थानीय आर्थिक विकाससँग जोड्ने।

६.प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि आवश्यक पूर्वाधार, उपकरण तथा दक्ष जनशक्तिको विकास गर्ने।

७.तालिम प्राप्त युवाहरूलाई रोजगारदाताहरू, उद्योग, व्यवसाय तथा वित्तीय संस्थासँग आबद्ध गरी रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गर्ने।

८ विद्यार्थीहरूमा प्रारम्भिक तहदेखि नै सीप, प्रविधि, उद्यमशीलता तथा पेशागत अभिरुचिको विकास गर्ने।

### ३.४.३ रणनीति

१. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद सानोठिमी भक्तपुरसँग समन्वय गरेर गाउँपालिकामा एउटा वहुप्राविधिक , शिक्षालयको स्थापना गर्ने ।

२. नगर्पलिकक्का बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्स दिने व्यवस्था गर्ने ।

३. स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजि व्यवस्था तथा अन्य काममा सहयोग गर्ने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

**१.** प्राविधिक धारतर्फको शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सबै प्राबिधिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।
२. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
३. प्राविधिक धारतर्फको शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. प्राविधिक धारतर्फको शिक्षा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
५. प्राविधिक धारतर्फको जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | ० | सबै | सबै | सबै | सबै | सबै |
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | ० | ६५ | ७० | ९० | १०० | १०० |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | | |
| १ | माध्यमिक तहमा शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | निरन्तरता | ५ | ५ | ५ | ५ | ५ | | |
| २ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | निरन्तरता | ५ | ५ | ५ | ५ | ५ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बिधर्थिका लागि छात्रवृतिका अवसर | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाई

**परिचय**

गुणस्तरीय र प्रतिस्पर्धी जीवन बिताउन अनौपचारिक शिक्षाको विकल्प छैन।जीवनपर्यन्त सिकाइको अवधारणा नेपालमा जीवनपर्यन्त सिकाइलाई आधिकारिक रूपमा परिभाषित नगरिएको भए पनि सरकारी नीति तथा योजनालाई आधार मान्दा जीवनपर्यन्त सिकाइ, अनौपचारिक र औपचारिक शिक्षाका माध्यमबाट जीवनभर गरिने सिकाइ हो। अनौपचारिक शिक्षा औपचारिक शिक्षाको जननी हो। सिकाइ कोक्रोदेखि मृत्युपर्यन्तसम्म चलिरहने प्रक्रिया हो। विभिन्न माध्यम र किसिमले जीवनोपयोगी ज्ञान र सीप हासिल गरेर समाजमा आफ्नो उपस्थितिलाई सशक्त बनाउन उपयुक्त शिक्षा अनौपचारिक र औपचारिक माध्यमबाट आर्जन गर्नुपर्ने हुन्छ। समुदायले विभिन्न योग्यता, क्षमता, सामाजिक, आर्थिक, सांस्कृतिक तथा धार्मिक विविधता समिश्रणको प्रतिनिधित्व गर्छन्। समुदायमा बसेका विभिन्न तप्काका व्यक्तिहरुमा रहेको अन्तर्निहित प्रतिभाको प्रस्फूटन गर्दै उनीहरुको जीवनस्तर उकास्न जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्न औपचारिकर अनौपचारिक शिक्षामा राज्यले लगानी गरेको हुन्छ।औपचारिक शिक्षाको निश्चित समयावधिमा हासिल गरेका ज्ञान र सीपले मात्र मानव जीवनलाई सार्थक बनाउन सक्दैन। अनौपचारिक शिक्षाको दायरा र अपरिहार्यताको आधारमा यसको गरीमा बढाउन राज्यको लगानी तथा ध्यान पर्याप्त नभएको वास्तविकता हो।

### ३.५.१ वर्तमान अवस्था

कर्जन्हा नगरपालिकामा विगतदेखि नै प्रौढ शिक्षा कार्यक्रम सञ्चालन हुँदै आएको छ। हाल पनि अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ तथा निरन्तर शिक्षाका क्षेत्रमा विभिन्न गतिविधिहरू सञ्चालन तथा प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ। नगरपालिकाभित्र औपचारिक शिक्षाबाट वञ्चित तथा निरक्षर नागरिकहरूलाई साक्षर बनाउने उद्देश्यले साक्षरता सम्बन्धी कार्यक्रम सञ्चालन तथा विस्तार गर्ने कार्ययोजना रहेको छ।

कर्जन्हा नगरपालिकाको कुल जनसंख्या **३८,५५७** मध्ये सामान्य लेखपढ गर्न सक्ने जनसंख्या **६१.८५ प्रतिशत** रहेको छ। यसमध्ये पुरुष साक्षरता दर **७०.४ प्रतिशत** र महिला साक्षरता दर **५४.० प्रतिशत** रहेको छ। तथ्याङ्कले पुरुषको तुलनामा महिलाको साक्षरता दर कम रहेको देखाउँछ। यसबाट नगरपालिकामा विशेषगरी महिला तथा शिक्षाबाट वञ्चित समुदायलाई लक्षित गरी साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ।आगामी दिनमा निरक्षरता न्यूनीकरण, महिला साक्षरता अभिवृद्धि, सीमान्तकृत तथा पछाडि परेका समुदायको शैक्षिक पहुँच विस्तार र नागरिकमा जीवनपर्यन्त सिकाइको अवसर सिर्जना गर्न स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। साथै, साक्षर भएका नागरिकलाई निरन्तर सिकाइमा जोड्दै उनीहरूको ज्ञान, सीप तथा व्यवहारलाई दैनिक जीवन र आयआर्जनसँग जोड्ने कार्यमा समेत नगरपालिकाले प्राथमिकता दिनेछ।

**अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका चुनौतीहरू देहाय बमोजिम पहिचान गरिएको छ:**

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु।

२. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सञ्चालन गर्नु ।
३. मौलिक तथा परम्परागत र सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन गर्नु ।
४. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।
५. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्ड बनाउनु ।
६. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्नु ।
७. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइकेन्द्र, सँग आवद्ध गर्ने।
८. सहजकर्ताको क्षमता विकास गर्नु ।
९. कर्जन्हामा अझै पनि ३८.१५ जनता निरक्षर हुनु ।

**३.५.२. उद्देश्य**

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१ . कर्जन्हा नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाका रूपमा विकास गर्दै निरन्तर सिकाइको अवसर सुनिश्चित गर्नु।

२. साक्षरता कार्यक्रमलाई जीवनोपयोगी तथा व्यावसायिक सीपसँग आबद्ध गरी नागरिकका लागि रोजगार तथा स्वरोजगारका अवसर सिर्जना गर्नु।

३. सामुदायिक सिकाइ केन्द्रहरूको विकास, विस्तार तथा सुदृढीकरण गरी स्थानीय समुदायका लागि निरन्तर सिकाइ, सीप विकास तथा सूचना प्राप्त गर्ने केन्द्रका रूपमा विकास गर्नु।

४. औपचारिक शिक्षाबाट वञ्चित तथा विद्यालय शिक्षाबाट बाहिर रहेका किशोर–किशोरी, युवा तथा वयस्कहरूलाई आवश्यकता र रुचिअनुसार अनौपचारिक शिक्षा तथा जीवनोपयोगी सीप सिक्ने अवसर प्रदान गर्नु।

५. महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडि परेका समुदायलाई लक्षित गरी समतामूलक रूपमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर विस्तार गर्नु।

६. नागरिकमा पढ्ने, लेख्ने, गणना गर्ने, सूचना तथा प्रविधिको प्रयोग गर्ने र दैनिक जीवनमा आवश्यक ज्ञान तथा सीपको प्रयोग गर्ने क्षमता विकास गर्नु।

**३.५.३ रणनितिहरु**

१. साक्षरनेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकासराजनैतिक दल सञ्चार माध्यम ,, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. सामुदायिक  तथा घुम्तीपुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।
४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइकेन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै गरिनेछ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणापत्र तयार गरिनेछ।

### ३.५.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित भएका हुनेछन्।

२. कर्जन्हा नगरपालिका पूर्ण साक्षर नगरपालिकाका रूपमा स्थापित भएको हुनेछ।

३. साक्षरता तथा आजीवन सिकाइलाई जीवनोपयोगी, व्यावसायिक तथा सीपमूलक शिक्षासँग आबद्ध गरी नागरिकको ज्ञान, सीप तथा दक्षतामा वृद्धि भएको हुनेछ।

४. सामुदायिक सिकाइ केन्द्रहरू सुदृढ तथा प्रभावकारी भई स्थानीय समुदायका लागि निरन्तर सिकाइ, सूचना, सीप विकास तथा ज्ञान आदान–प्रदानका केन्द्रका रूपमा विकास भएका हुनेछन्।

५. विद्यालय शिक्षाबाट वञ्चित तथा विद्यालय शिक्षा पूरा गर्न नसकेका किशोर–किशोरी, युवा तथा वयस्कहरूका लागि आवश्यकता र रुचिअनुसार वैकल्पिक तथा निरन्तर शिक्षाका अवसर विस्तार भएका हुनेछन्।

६. महिला, दलित, विपन्न, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रूपमा पछाडि परेका समुदायको साक्षरता तथा आजीवन सिकाइमा पहुँच र सहभागिता वृद्धि भएको हुनेछ।

७. नागरिकहरूमा आधारभूत साक्षरता, डिजिटल साक्षरता, वित्तीय साक्षरता तथा दैनिक जीवनमा आवश्यक ज्ञान र सीपको प्रयोग गर्ने क्षमता विकास भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. साक्षर कर्जन्हा नगरपालिका को रुपमा विकास हुने।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।
६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

**नतिजा तथा परिमाणात्मक**

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र बर्षभन्दा माथि) (%) | ६४.५१ | ६६.६१ | ६८.७१ | ७०.८१ | ७२.९१ | ७५.०१ |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप ( पन्ध्र बर्ष भन्दा माथिको महिला) (%) | ६३.४७ | ६५.५७ | ६७.६७ | ६९.७७ | ७१.८७ | ७३.९७ |
| ३ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाई केन्द्रको सङ्ख्या | ० | ४ | ४ | ४ | ४ | २ |
| ४ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | ० |

**३.५.५ प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | नगरपालिका |
| २ | साक्षर कर्जन्हा नगरपालिका नगरपालिका | वडागत | | | २ | | २ | ९ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | १० | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसंग आवद्ध गर्ने | पुस्तकालय | | | | | | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ६ | सा.सि.के.ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | नगरपालिका /सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | नगरपालिका /सा. सि.के. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | १० | नगरपालिका /सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | नगरपालिका |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू अन्तर्गत

### परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्र अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायतका क्षेत्रहरुको वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । यसैगरी परिच्छेद चारमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम, बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पूर्वाधार विकास र विद्यालयमा सुचना तथा संचार प्रबिधिजस्ता खण्डहरुको अबधारणा, वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरी यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरू सहितको योजनाको तयार गरिएकोछ ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समय सापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ।पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरुप्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

#### ४.४.१. वर्तमान अवस्था

कर्जन्हा नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएकोछ। यस पालिकाले आधारभूत तह कक्षा १ ५-को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी ८-६ को स्थानीय विषयको पाठ्यक्रम निर्माण र परीक्षण त्यसरी नै आधारभूत तह कक्षा कार्यान्वन गरिनेछ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १मा अन्तर सम्बधित विषयवस्तुलाई एकीकृत गरिएको ८-, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा,सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीने छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्यवा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था रहनेछ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह ३-६० मा ८-६ प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाएइको छ।आधारभूत तह कक्षा ५० प्रतिशत निर्णयात्मक र ५० मा ५-४ कक्षा प्रतिशत निर्माणा ४० प्रतिशत निर्णयात्मक रत्मक मूल्याङ्कन अपनाएइको छ।आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुदै आएको अवस्था छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

**पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास।
२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।
३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन।

### ४.१.२ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध कर्जन्हा नगरपालिका निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४.१.३ रणनितिहरु

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध कर्जन्हा नगरपालिका निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।

२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अबलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।

३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत,महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखि नै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।

४. विपत,महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।

५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।

६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।

८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा,सीप तथा ज्ञानसकारात्मक सोचभएको ,, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुनेछ ।

**ख) नतिजा**

१. स्थानीय पाठ्यक्रम प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।

२. प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तह कक्षा १ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ ५- सहजीकरण हुने।

३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।

४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्रीअपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने। ,

५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।

६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण फायल खडा भएको हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एककृत पाठ्यक्रम लागु गरेको विधालय सङ्ख्या | १० | १३ | १९ | १९ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | परिक्षामा स्तारिकृत प्रश्न प्रयोग गर्ने विधालयसङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ३ | स्थानीय भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय | ० | २ | ४ | ५ | ६ | २ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विधालय सङ्ख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |

### ४.१.४ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम निर्माण र परीक्षण | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका /विद्यालय/सहयोगी संस्था |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | पटक | | १ | | १ | | २ | नगरपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | विद्यालय |
| | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | संख्या | २ | ३ | ४ | ५ | ४ | १९ | |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री | सँख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | संघ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय**

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्तज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

सिकाइ सहजीकरण प्रक्रियाको केन्द्रका रुपमा शिक्षक रहन्छन्। सिकारु र शिक्षक बीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यक सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइ प्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कर्जन्हा नगरपालिका ले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१ बर्तमान अवस्था

कर्जन्हा नगरपालिकामा १८ ओटा प्रारम्भिक बाल विकास (ECD) तथा शिक्षा केन्द्रहरुमा जम्मा ६३९ जना बालवालिकाहरु अध्यनरत छन् । यस तथ्याङ्कले शिक्षक विधार्थीको अनुपात १:३६ रहेको देखाँउछ र प्रारम्भिक बाल विकासमा प्रभावकारी शिक्षण सिकाइ सुनिस्चित गर्न थप १४ जना शिक्षकहरु थप गर्नुपर्ने देखिन्छ ।

कर्जन्हा नगरपालिकाका विद्यालयहरूमा कक्षा १–५ मा जम्मा ३,९३९ विद्यार्थी अध्ययनरत रहेका छन्। यस तहमा स्वीकृत तथा राहत दरबन्दीमा गरी जम्मा ६८ जना शिक्षक कार्यरत रहेका छन्। यस आधारमा विद्यार्थी–शिक्षक अनुपात १:५८ रहेको देखिन्छ, जुन विद्यार्थी संख्याको तुलनामा शिक्षकको संख्या अपर्याप्त रहेको अवस्था हो। त्यसैले कक्षा १–५ मा गुणस्तरीय शिक्षण–सिकाइ सुनिश्चित गर्न थप शिक्षकको आवश्यकता देखिन्छ।

गुणस्तरीय शिक्षालाई मध्यनजर गर्दै कर्जन्हा नगरपालिकाले नगर अनुदानबाट थप ३२ जना शिक्षक नियुक्त गरेको छ। नगर अनुदानबाट नियुक्त शिक्षकहरूमध्ये ५८ प्रतिशत महिला र ४२ प्रतिशत पुरुष रहेका छन्। त्यस्तै, स्वीकृत तथा राहत दरबन्दीमा कार्यरत ६८ जना शिक्षकमध्ये ३२ जना महिला र ३६ जना पुरुष रहेका छन्।आधारभूत तह कक्षा १–५ मा अध्ययनरत ३,९३९ विद्यार्थीमध्ये १,९२७ जना

छात्रा अर्थात् ४८.९२ प्रतिशत र २,०१२ जना छात्र अर्थात् ५१.०७ प्रतिशत रहेका छन्। यसबाट यस तहमा छात्र र छात्राको सहभागिता तुलनात्मक रूपमा सन्तुलित रहेको देखिन्छ।

कक्षा ६–८ मा जम्मा १,६५१ विद्यार्थी अध्ययनरत रहेका छन्। जसमा ९०६ जना छात्रा अर्थात् ५४.८७ प्रतिशत र ७४५ जना छात्र अर्थात् ४५.१२ प्रतिशत रहेका छन्। यस तहमा स्वीकृत दरबन्दीअन्तर्गत १४ जना पुरुष शिक्षक कार्यरत रहे पनि महिला शिक्षकको संख्या शून्य रहेको छ। यस आधारमा विद्यार्थी–शिक्षक अनुपात १:११७ रहेको देखिन्छ, जुन अत्यन्त उच्च अनुपात हो। त्यसैले यस तहमा थप शिक्षकको आवश्यकता स्पष्ट रूपमा देखिन्छ। थप १९ जना शिक्षक आवश्यक रहेको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाको अनुदानबाट ९ जना महिला र ५ जना पुरुष गरी जम्मा १४ जना शिक्षक नियुक्त गरिएको छ।

माध्यमिक तह कक्षा ९–१० मा जम्मा ९६२ विद्यार्थी अध्ययनरत रहेका छन्। जसमा ४८७ जना छात्रा अर्थात् ५०.६२ प्रतिशत र ४७५ जना छात्र अर्थात् ४९.३७ प्रतिशत रहेका छन्। यस तहमा विद्यार्थी–शिक्षक अनुपात १:४२ रहेको छ। त्यस्तै, कक्षा ११–१२ मा जम्मा ४९१ विद्यार्थी रहेका छन्। जसमा २४८ जना छात्रा अर्थात् ५०.५० प्रतिशत र २४३ जना छात्र अर्थात् ४९.५० प्रतिशत रहेका छन्। यस तहमा विद्यार्थी–शिक्षक अनुपात १:७०.१४ रहेको छ, जुन विद्यार्थीको तुलनामा शिक्षक संख्या न्यून रहेको अवस्था हो।

विद्यालयमा समावेशी शिक्षालाई प्रवर्द्धन गर्ने क्रममा आधारभूत तहमा ३ जना अपाङ्गता भएका शिक्षक कार्यरत रहेका छन्। तीमध्ये २ जना पुरुष र १ जना महिला रहेका छन्। यसले विद्यालय शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता तथा प्रतिनिधित्वलाई समेत केही हदसम्म सुनिश्चित गरेको देखिन्छ।

कर्जन्हा नगरपालिकाका विद्यालयहरूमा विशेषगरी आधारभूत तह कक्षा १–५, कक्षा ६–८ तथा माध्यमिक तहमा विद्यार्थी संख्याको तुलनामा शिक्षकको संख्या पर्याप्त नरहेको देखिन्छ। उच्च विद्यार्थी–शिक्षक अनुपातका कारण शिक्षण–सिकाइको गुणस्तरमा प्रत्यक्ष प्रभाव पर्न सक्ने भएकाले विषयगत आवश्यकता, विद्यार्थी संख्या, विद्यालयको भौगोलिक अवस्था तथा लैङ्गिक समावेशितालाई समेत ध्यानमा राखी थप शिक्षक व्यवस्थापन गर्नुपर्ने देखिन्छ। साथै, महिला शिक्षकको सहभागिता न्यून रहेका तहमा महिला शिक्षकको नियुक्ति तथा व्यवस्थापनलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ।

**शिक्षक व्यवस्थापन र विकासका विद्यमान चुनौतीहरु :**

१. **शिक्षकविद्यार्थी अनुपात असन्तुलन-** – प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक तहमा शिक्षक विद्यार्थी- अनुपात उच्च रहँदा प्रभावकारी शिक्षण सिकाइमा चुनौती देखिन्छ।
२. **महिला शिक्षकको कमी** [illegible] शिक्षकको पूर्ण अभाव तथा अन्य तहहरूमा महिला शिक्षकको सहभागिता अपेक्षाकृत कम हुनु समावेशी शिक्षाका लागि चुनौती बनेको छ।
३. **अपर्याप्त स्वीकृत दरबन्दी** – स्वीकृत शिक्षक दरबन्दी आवश्यकता अनुरूप नभएकाले नगरपालिकालाई अनुदानबाट थप शिक्षक नियुक्ति गर्नुपर्ने बाध्यता रहनु।
४. **माध्यमिक तहमा शिक्षकको अपर्याप्तता** – कक्षा ११मा शिक्षक १२–-विद्यार्थी अनुपात १ रहनु शिक्षाको १४.७०: गुणस्तर सुधारका लागि गम्भीर चुनौती हो।
५. **समावेशी शिक्षाको अभाव** – अपाङ्ग शिक्षकहरूको संख्या न्यून हुनु तथा अपाङ्ग विद्यार्थीका लागि शिक्षण सिकाइको विशेष व्यवस्था अपूर्ण रहनु समावेशी शिक्षाका दृष्टिकोणले चुनौतीपूर्ण छ।

**४.२.२.उद्देश्य**

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् -

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्यदक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु। ,
४. पालिका अन्तर्गत स्वयम् सेवक वक शिक्षकको छनोट गर्नु।

**४.२.३ रणनीतिहरू**

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलानपरिमार्जन गरिनेछ।/
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी तालिम सञ्चालन गरिनेछ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम् वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित .फिल. अनुसन्धानको अवसर दिइने छ।

**४.२.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

क) उपलब्धि

- विद्यालय तहमा आवश्यकताअनुसार योग्य, दक्ष, विषयगत तथा पर्याप्त शिक्षकको व्यवस्था भई गुणस्तरीय शिक्षण–सिकाइ सुनिश्चित भएको हुनेछ।
- विद्यार्थी–शिक्षक अनुपातमा सुधार भई विशेषगरी आधारभूत तथा माध्यमिक तहमा शिक्षकको पर्याप्तता कायम भएको हुनेछ।
- नगरपालिकाबाट थप शिक्षक व्यवस्थापन गरी शिक्षक अभाव रहेका विद्यालय तथा तहमा शिक्षकको पहुँच र उपलब्धता सुधार भएको हुनेछ।
- शिक्षकहरूको पेशागत दक्षता, विषयगत क्षमता तथा शिक्षण सीप अभिवृद्धि गर्न नियमित तालिम, पुनर्ताजगी तालिम तथा क्षमता विकासका अवसर सुनिश्चित भएका हुनेछन्।
- शिक्षकहरूको क्षमता विकासलाई विद्यार्थीको सिकाइ उपलब्धि तथा विद्यालयको शैक्षिक गुणस्तरसँग आबद्ध गरिएको हुनेछ।
- महिला शिक्षक तथा सामाजिक रूपमा पछाडि परेका समुदायको शिक्षक सेवामा पहुँच र सहभागिता वृद्धि भएको हुनेछ।
- अपाङ्गता भएका व्यक्तिहरूको शिक्षक पेशामा सहभागिता तथा समावेशी प्रतिनिधित्वलाई थप प्रोत्साहन गरिएको हुनेछ।
- शिक्षकको नियुक्ति, पदस्थापन, सरुवा, दरबन्दी मिलान तथा व्यवस्थापन कार्यलाई विद्यार्थी संख्या, विषयगत आवश्यकता र विद्यालयको वास्तविक अवस्थाका आधारमा व्यवस्थित गरिएको हुनेछ।
- शिक्षकको नियमित उपस्थिति, पेशागत आचरण, कार्यसम्पादन तथा जिम्मेवारीलाई प्रभावकारी रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली विकास भएको हुनेछ।

- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमार्फत शिक्षकहरूको शिक्षण क्षमता अभिवृद्धि भई प्रविधिमैत्री तथा विद्यार्थीकेन्द्रित शिक्षण–सिकाइ वातावरण विकास भएको हुनेछ।
- शिक्षक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, स्थानीय तह तथा अन्य सरोकारवालाबीच प्रभावकारी समन्वय र सहकार्य कायम भई शिक्षक व्यवस्थापन तथा विकास प्रणाली सुदृढ भएको हुनेछ।
- शिक्षकहरूको पेशागत उत्प्रेरणा, मनोबल तथा कार्यसन्तुष्टि अभिवृद्धि भई विद्यालयमा गुणस्तरीय र उत्तरदायी शिक्षण वातावरण निर्माण भएको हुनेछ।

**ख) नतिजा**

१. शिक्षण पेशा थप प्रतिस्पर्धी, आकर्षक, मर्यादित तथा सम्मानित पेशाका रूपमा स्थापित भएको हुनेछ।

२. शिक्षकहरूले स्थानीय तहबाट सञ्चालन हुने निरन्तर पेशागत सहयोग तथा क्षमता विकास प्रणालीमार्फत नियमित रूपमा आवश्यक प्राविधिक तथा शैक्षिक सहयोग प्राप्त गरेका हुनेछन्।

३. विद्यालय तथा विषयगत आवश्यकताका आधारमा शिक्षक दरबन्दीको नियमित मिलान, पुनरावलोकन तथा आवश्यकताअनुसार परिमार्जन गरी शिक्षकको आपूर्ति तथा व्यवस्थापन प्रभावकारी भएको हुनेछ।

४. विद्यार्थी संख्या, विद्यालयको तह तथा विषयगत आवश्यकताका आधारमा शिक्षकको न्यायोचित वितरण सुनिश्चित भएको हुनेछ।

५. शिक्षकहरूको विषयगत ज्ञान, शिक्षण सीप, प्रविधिको प्रयोग तथा मूल्याङ्कनसम्बन्धी क्षमता अभिवृद्धि भएको हुनेछ।

६. शिक्षकको कार्यसम्पादन, उपस्थिति तथा पेशागत विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आबद्ध गरी उत्तरदायित्व तथा जवाफदेहिता वृद्धि भएको हुनेछ।

७. महिला, अपाङ्गता भएका व्यक्ति तथा विभिन्न सामाजिक समूहको शिक्षक सेवामा समावेशी सहभागिता अभिवृद्धि भएको हुनेछ।

८. शिक्षक व्यवस्थापन तथा विकासका लागि स्थानीय तह, विद्यालय तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित भएको हुनेछ।

९. विद्यालयमा पर्याप्त, दक्ष, उत्प्रेरित तथा विषयगत रूपमा सक्षम शिक्षकको उपलब्धता वृद्धि भई शिक्षण–सिकाइको गुणस्तरमा सुधार भएको हुनेछ।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता को संख्या | १८ | २६ | २६ | २६ | २६ | २६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक | ८२ | ८२ | ८२ | ८२ | ८२ | ८२ |
| ३ | माध्यमिक तह कक्षा (९-१२) मा कार्यरत न्युनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ४ | सुचना तथा प्रबिधि सम्बन्धि न्युनतम सक्षमता भएका शिक्षक (%) | २ | १८ | २० | २० | २० | २० |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका बिधालय | ० | ५ | ५ | ५ | ५ | २० |

**४.२.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **भौतिक लक्ष्य १०) (वर्ष** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | ४६ | ५० | ५५ | ६० | ६५ | आवश्यकता अनुसार | नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | १ | ० | ० | ० | १ | संघ /प्रदेश/ नगरपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | ० | ३ | ५ | ५ | ६ | १९ | संघ /प्रदेश/ नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | ० | ३ | ५ | ५ | ६ | १९ | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | १ | १ | १ | १ | १ | ५ | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | ० | १ | ० | ० | ० | १ | नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पेशागत शैक्षिक अवलोकन | पटक | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी (एकीकृत पाठयक्रम) तालिम सञ्चालन गर्ने | पटक | १ | १ | | १ | | ३ | नगरपालिका |
| | बाल विकास सहजकर्ताको लागि आधारभूत तालिम | संख्या | १ | | | १ | | २ | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा बिताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | ० | १ | १ | १ | १ | ४ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्याको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | १ | ० | १ | ० | ० | २ | संघ /प्रदेश/ नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

**परिचय**

कर्जन्हा नगरपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने जातिहरु मध्ये सबै भन्दा बढी यादव र सबै भन्दा कम राई रहेको छ। सम्रगमा तत्मा/तत्वा , मुस्लिम, तेली, दनुवार, चमार/हरिजन/राम, थारु, धानुककेवत ,खत्वे ,धोबि ,, मल्लाह, मुसहर, हलुवाई, दुसाद/पासवान/पासी, सुढी, हजाम⁄ठाकुर, तराई अन्य, बरही, सोनार, कथबनियाँ, कर्मी, बाँतर⁄सरदार, कल्वार, राजधोब, सुनुवार, क्षेत्री, बंगाली, संयासी, नेवार, ब्राहमिनपहाडी–, माली, क्यास्थ, कामी, डोम, मोझि, कोइरी⁄कुसुवाहा, ब्राहमिनतराइ–, दमाइ⁄धोली, राइ अन्य आदी । यहाँ मैथलीउर्दु ,, थारु, दनुवार, नेपाली, माघी, सुनुवार, भोजपुरी, नेवार, राइ आदी भाषा बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, इसलामबौद्ध ,, क्रिश्चियन धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले दशैं, तिहार, चण्डी, बुद्ध जयन्ती, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, तीज, पञ्चमी, ईदजस्ता चाडपर्वहरु मान्ने गर्दछन् । यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सहअस्तित्व-, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

### ४.३.१ वर्तमान अवस्था

यस पालिकामा नगरकार्यपालिका ,वडा समिति ,नगर शिक्षा समिति ,शिक्षक अभिभावक संघ ,विद्यालय व्यवस्थापन समिति , सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ।यस कर्जन्हा नगरपालिकामा बिद्यालय बाहिर जम्मा २७८ जना बालबालिका रहेको पाएको छ ।यँहा बालविकास र शिक्षा केन्द्र मा सबैजना महिला सहजकर्ताहरु छन् भने आधारभूत तह १-५ मा जम्मा ६८ जना शिक्षक मध्ये ३२ जना महिला रहेकाछन । कक्षा ६-८ मा जम्मा१४ जना शिक्षक मध्ये महिला एक जना पनि छैन । कक्षा ९-१० माध्यमिक तहमा १७ जना शिक्षकमा २ जना महिला र कक्षा ११-१२ मा ७ जनामा १ जना महिला शिक्षक रहेकाछन ।स्थानीय तह नगरपालिकाले आधारभूत तहमा नियुक्ति गरेको ४६ स्वमसेवक शिक्षकहरु मध्ये ३५ जना महिका रहेका छन । यस नगर पालिकाको आधारभूत तह तथा माध्यमिक तहमा लौंगिक अनुपात १:६ रहेको छ ।

**शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ-**

१. लैङ्गिक मूल प्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
४. विद्यालयमा विभेद रहित बालमैत्री बनाउने।

**४.३.२ उद्देश्यहरू**

१. शिक्षाको मूल धारबाट बञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने। ,

**४.३.३ रणनीतिहरू**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सो अनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने। ,
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

**४.४.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१. विद्यालय तहको शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, सहभागिता तथा निरन्तरता सुनिश्चित भई सामाजिक, आर्थिक, लैङ्गिक, भाषिक तथा भौगोलिक विविधताका आधारमा हुने शैक्षिक असमानता न्यूनीकरण भएको हुनेछ।

२. लक्षित तथा सीमान्तकृत समूहका बालबालिकालाई आवश्यक सहयोग, सहजीकरण तथा विशेष शैक्षिक अवसर उपलब्ध भई गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि भएको हुनेछ।

३. विद्यालयहरू बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा भेदभावरहित सिकाइ वातावरणका रूपमा विकास भएका हुनेछन्।

**ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरूको अवस्था, कारण तथा आवश्यकताको पहिचान गरी उनीहरूलाई विद्यालय शिक्षामा ल्याउने तथा नियमित रूपमा टिकाइराख्ने व्यवस्था प्रभावकारी भएको हुनेछ।

२. दलित, जनजाति, अपाङ्गता भएका, विपन्न, सीमान्तकृत तथा अन्य लक्षित समूहका बालबालिकाको विद्यालयमा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ।

३. विद्यालयमा जात, धर्म, लिङ्ग, भाषा, अपाङ्गता, आर्थिक अवस्था वा अन्य कुनै आधारमा हुने भेदभाव न्यूनीकरण भई बालमैत्री तथा सुरक्षित वातावरण सिर्जना भएको हुनेछ।

४. विद्यालयहरूमा अपाङ्गतामैत्री, लैङ्गिकमैत्री तथा सबै बालबालिकाका लागि पहुँचयोग्य भौतिक तथा शैक्षिक वातावरण विकास भएको हुनेछ।

५. किशोरीहरूको विद्यालयमा निरन्तरता तथा सिकाइ उपलब्धि सुधारका लागि किशोरी शिक्षा, जीवनोपयोगी सीप तथा मनोसामाजिक परामर्शको व्यवस्था भएको हुनेछ।

६. विद्यार्थीको मातृभाषा तथा स्थानीय भाषालाई सम्मान गर्दै आवश्यकताअनुसार मातृभाषामा सिकाइका अवसर उपलब्ध गराइएको हुनेछ।

७. आर्थिक तथा सामाजिक रूपमा कमजोर परिवारका बालबालिकालाई आवश्यक शैक्षिक सामग्री, छात्रवृत्ति तथा अन्य सहयोग उपलब्ध गराई शिक्षामा उनीहरूको निरन्तरता सुनिश्चित भएको हुनेछ।

८. विशेष आवश्यकता भएका बालबालिकाका लागि आवश्यक सहायक सामग्री, सिकाइ सहयोग तथा समावेशी शैक्षिक अवसरको व्यवस्था भएको हुनेछ।

९. अभिभावक, विद्यालय, समुदाय तथा स्थानीय तहबीच समन्वय र सहकार्य वृद्धि भई शैक्षिक समता तथा समावेशीकरण प्रवर्द्धन भएको हुनेछ।

१.

| **क्र.स.** | **शिक्षामा समता र समाबेशीकरण** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | २७८ | २१० | १९० | १५० | ० | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १:६ | १:६ | १:५ | १:४ | १:३ | १:२ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १:६ | १:६ | १:५ | १:५ | १:४ | १:४ |

**४.४.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य**

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरु** | **इकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | **भौतिक लक्ष्य (१० वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | | |
| १ | लौंगिक समताको अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | १ | १ | १ | | | ३ | नगरपालिका सा.सि.के. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/नगरपालिका |
| ४ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | ३ | ३ | ५ | ३ | ५ | १९ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | मातृभाषामा सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | विद्यालय |
| ६ | मनोसामाजिक परामर्श सहयोग | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका विद्यालय |
| ७ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | ० | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | गुनासो सुनुवाई समिति गठन र परिचालन | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ | नगरपालिका संघ संस्था |
| ९ | गुनासो सुनुवाई समिति को क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका संघ संस्था |
| १० | बालिका तथा समाबेशी शिक्षा संजालको परिचालन | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका संघ संस्था |
| ११ | | | | | | | | | |

### ४.४. बिधालय पोषण तथा स्वास्थ्य कार्यक्रम

**परिचय**

नेपालमा सन् १९७४ देखि  जिल्लाका छानिएका प्राथमिक कक्षामा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।आर्थिक वर्ष २०७७ का सबै विद्यार्थीलाई ५ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा २०७८/-२०७७ दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्ष देखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष अरब पुगेको छ। ८ मा यो लगानी करिब ७८ नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं पन्चबर्षिय  योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ।वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधिफोलिक एसिड तथा आइरन च ,किशोरीका लागि सेनेटरी प्याड ,क्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुनेगर्दछन्।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नुका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर कोठाको प्रबन्ध नै छैन भने भएकाहरू मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम/ व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

**४.४.१ वर्तमान अवस्था**

नेपाल सरकारबाट विद्यलय दिवा खाजा कार्यक्रम  लागू हुनु पुर्व स्थानीय तहको संरचना बने पश्चात यस पालिकाले प्रारम्भिक बालविकास देखि कक्षा ५ सम्म विद्यलय दिवा खाजा कार्यक्रम सञ्चालन गरेको छ । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनिय सहभागिता भएको छ तथा समुदायको पनि सक्रिय सहभागिता रहेको थियो।आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा ०-५ सञ्चालित  विद्यालय मार्फत  विद्यार्थीहरु लाभाम्वीत भएका छन् साथै पालिकबाट विद्यालय दिवा  खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएको छ।

**दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम निम्नलिखित चुनौतीहरू पहिचान गरीएको छ -**

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
२. सबै विद्यालयमा स्वास्थ्य कर्मीको व्यवस्था गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

**४.४.२ उद्देश्य**

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

**४४..३ रणनीतिहरू**

**योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -**

१. शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रलाई समेत समेटी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा, ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

**४.४. ४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**क) उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार भएको हुनेछ।

२. सबै बालबालिकाले स्वच्छ तथा सुरक्षित पिउने पानी, सरसफाइ र स्वच्छतासम्बन्धी आधारभूत सेवामा पहुँच प्राप्त गरेका हुनेछन्।

३. विद्यालयमा स्वास्थ्य, पोषण, व्यक्तिगत सरसफाइ तथा स्वच्छतासम्बन्धी सचेतना अभिवृद्धि भएको हुनेछ।

४. विद्यालयमा स्वस्थ, सुरक्षित तथा बालमैत्री वातावरण विकास भएको हुनेछ।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको नियमित स्वास्थ्य परीक्षण, पोषण अवस्था पहिचान तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच सुनिश्चित भएको हुनेछ।

२. विद्यालयमा स्वच्छ तथा सुरक्षित पिउने पानीको उपलब्धता तथा प्रयोग सुनिश्चित भएको हुनेछ।

३. विद्यार्थीहरूमा व्यक्तिगत सरसफाइ, हात धुने बानी, स्वच्छ खानेकुराको प्रयोग तथा वातावरणीय सरसफाइसम्बन्धी व्यवहारमा सुधार भएको हुनेछ।

४. विद्यालयमा पोषणयुक्त दिवा खाजा तथा स्वस्थ खानपानसम्बन्धी अभ्यासलाई प्रभावकारी रूपमा प्रवर्द्धन गरिएको हुनेछ।

५. शिक्षा, स्वास्थ्य तथा कृषि क्षेत्रलाई समेटी विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी रणनीति तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिएको हुनेछ।

६. कुपोषण, रक्तअल्पता तथा अन्य पोषणसम्बन्धी समस्याको न्यूनीकरणका लागि विद्यालय, स्वास्थ्य संस्था, अभिभावक तथा समुदायबीच समन्वय र सहकार्य भएको हुनेछ।

७. विद्यालयमा स्वास्थ्य तथा पोषणसम्बन्धी सचेतना कार्यक्रम नियमित रूपमा सञ्चालन भई विद्यार्थी तथा अभिभावकमा स्वस्थ जीवनशैलीप्रति सकारात्मक व्यवहार विकास भएको हुनेछ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १७३४ | १७६२ | १७९० | १८१८ | १८४६ | १८७४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरका ा बालबालिका* (%) | १९४३ | १९७३ | २००३ | २०३३ | २०६३ | २०९३ |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ | ०-५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्नेविद्यालयको सङ्ख्या | १३३५४ | १३३५४ | १३३५४ | १३३५४ | १३३५४ | १३३५४ |
| ५ | खाने पानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुच पुगेका विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| 6 | नर्सिङ् से वा तथा सुबिधा पुगेको विद्यालय सङ्ख्या | ० | ० | १ | आबस्यकता अनुसार | आबस्यकता अनुसार | आबस्यकता अनुसार |

**४.४.५ प्रमुख कृयाकलापहरु तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि अद्यावधिक र परिमार्जन | पटक | | | १ | | | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मा ी | संख्या | | | १ | १ | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | २० | २० | २० | २० | २० | २० | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | २० | २० | २० | २० | २० | २० | नगरपालिका विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पुर्वाधार विकास | संख्या | २ | २ | २ | २ | २ | १० | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | संख्या | २० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/ नगरपालिका विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |
| ८ | अभिभावक आमा समूह | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |
| १० | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |
| ११ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |
| १२ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | संख्या | २० | २० | २० | २० | २० | २० | विद्यालय |

## ४.५ बिद्यालय सुरक्षा, बिपत न्यूनीकरण तथा उत्थानशिलता

**परिचय**

विपदको अबस्थामा परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवनरक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थिति जन्य शिक्षा  लाई समावेश गर्ने गरेका छन्। (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव :विशेषत, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने १९-कार्यक्रमक प्राथमिकता र कार्य ान्वयन ढाँचा समावेश गरिएको छ।

**खण्डमा मूलततीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :-**

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, आगलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गुटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू-कोभिड ,19 आदि सरूवारोगहरू।

ग) युद्ध, द्वन्द्व, विस्थापनआन्तरिक तथा बाह्ययुद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक :, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्यकारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा,, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्कशिक्षा ऐन ले छात्रवृत्ति (२०७७) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७५), दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा सहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सोको व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ नगरपालिका स्तरीय प्रअ र नगर शिक्षा समितिको संयुक्त बैठक तथा छलफलद्वारा बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविदितै छ । यस नगर पालिकाको पश्चिम पट्टी कमला नदी बग्दछ । कमला नदीको बाढीले यस नगरपालिकाको उर्बर भूमि बगनुको साथै कमलको बढीले साउन, भदौ र

असोज महिना विधालय पठनपाठनमा समेत अबरोध र डुबानको समस्या हुने ग्रेकोछा। यस्तो अबस्थामा पनि बालबालिकाहरुको पढाईमा अबरोध नहुन दिनको लागि नगरपालिकाले बैकल्पिक शिक्षाका उपाय अपनाउने गरेकोछ।

**परिस्थितिजन्य शिक्षाका चुनौतीहरू :**

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
३. संकटको क्षेत्र पहिचान गर्नु।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

**४.५.२ उद्देश्यहरू**

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।
२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।

**४.५.३ रणनीतिहरू**

१. स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहतयोजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।
२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।
३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमताविकास गरिनेछ। ,
४. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।

**४.५.४ उपलब्धि प्रमुख क्रियाकलाप तथा लक्ष्य ,नतिजा ,**

**क उपलब्धि)**

१. हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको।

**ख नतिजा**

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।
२. स्रोतको व्यवस्थापन सहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।
३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमखुीकरण कार्यक्र म सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | हरित विद्यालय सङ्ख्या | ४ | ५ | ५ | ४ | २ | ० |
| ३ | जलवायुपरिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्व यन गर्नेविद्यालय सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ० |

### ४.५.५. प्रमुख क्रियाकलापहरु तथा परिमाणात्मक लक्ष्य

| क् .सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना निर्माण | पटक | | १ | | | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | स्थानीयतहलाई परिस्थितिजन्य शिक्षा सम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | नगरपालिका / विद्यालय |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | वार्ड संख्या | २ | २ | २ | २ | ३ | ११ | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | २० | २० | २० | २० | २० | २० | नगरपालिका |
| ६ | विपद प्रतिरोधी विद्यालय सँख्या | संख्या | २० | २० | २० | २० | २० | २० | नगरपालिका |
| ७ | शिक्षक तथा विव्यस तालिम | संख्या | २० | २० | २० | २० | २० | २० | नगरपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

**परिचय**

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठन पाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा-० आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका ००. लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.१ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ३४ मध्ये १९ सामुदायिक ,१ धार्मिक र १४ वटा सस्थागत विद्यालय छन्। सामुदायिक विद्यालय तर्फ पक्की भवन १९ वटा बिद्यालयमा रहेकोछ। बिद्यालय भवनहरु प्रयाप्त भने छैनन। केहि बिध्यालयहरु Multimedia सुविधा सहितको कक्षा कोठ्ठा र Smart Board समेत छ। धैरै जसो बिद्यालयहरुमा RCC पक्की भवन छन् बाँकी केहि साममुदायिक विद्यालयमा कक्षा कोठा जास्ता ट्रष्टले बनेकाछन्। केहि सामुदायिक विद्यालयमा छात्रा शौचालय महिला शिक्षक शौचालय र खानेपानीको आफ्नै श्रोत भएकाछन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखिनै विषयवस्तु समावेश गरिएकोछ। २० वटा विद्यालयहरुमा बिजुली र इन्टरनेट सिवा पुगेको छ।

| | | |
|---|---|---|
| भवनको किसिम | | |
| पक्कि भवन | | १० |
| कच्ची भवन | | २७ |
| जम्मा कक्षा कोठा | | |
| पक्कि कक्षा कोठा | | ४० |
| Multimedia सुबिधा सहित | | २ |

अधिकांस विद्यालयमा बाउण्ड्रीवालको घेराबार भएको छ भने केही विद्यालयमा प्रवेश गेट निर्माण हुने क्रममा रहेका छन्।

**विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् -**

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकासलाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. शुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु। ,

### ४.६.२ उद्देश्य

१. शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्रीअपङ्गता र लैङ्गिकमैत्री बनाउने। ,

### ४.६.३ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत झेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजाघर लगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।

६. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

**४.६.४ उपलब्धिनतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य ,**

**क ( उपलब्धि**

१ .सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख ( नतिजा**

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्यास सहित कार्यान्वयन प्रारूप विकासहुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। ,
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबार र प्रवेश गेट निर्माण भएको हुने।

| **क्र.स.** | **सूचक** | **आधार वर्ष (२०८१/८२)** | **२०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४/८५** | **२०८५/८६** |
|---|---|---|---|---|---|---|---|
| **१** | भूकम्प प्रतिरोधी विद्यालय | **१९** | **१९** | **१९** | **१९** | **१९** | **१९** |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ५ | ० | ५ | ० | ५ | ० |
| ३ | सवलीकरण गर्नुपगर्नुर्ने कक्षाकोठा सङ्ख्या | | ६ | | ६ | | ७ |
| ४ | नयाँ निर्माण गर्नुपगर्नुर्ने शौचालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपगर्नुर्ने विद्यालय सङ्ख्या | ३ | ५ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |

### ४.६.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड निर्माण | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | | | | १ | नगरपालिका |
| ३ | अपाङ्गमैत्री,बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार निर्माण | संख्या | ० | ५ | ५ | ५ | | १५ | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | संख्या | ४ | ४ | ४ | ४ | ३ | १९ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | संख्या | २ | २ | २ | | | ६ | नगरपालिका |
| ७ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |

## ४.७ विद्यालयमा सुचना तथा संचार प्रबिधि

**परिचय**

शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कमगर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधारगर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाईकुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ।२१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित

भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ।विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्।

कोभिड १९–पछी सूचना प्रविधिको महत्व अझ बढेको छ। नेपाल सरकार शिक्षा मन्त्रालयले मिति २०७७ मा जारी गरेको १८/०२/ वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड वा यस्तै १९– प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्नकठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षा लगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ। यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम भूमिका रहेको होला।

### ४.७.१ वर्तमान अवस्था

कर्जन्हा नगर पालिकाले शिक्षालाई सूचना प्रबिधिसंग जोड्ने प्रयास गरिरहेकोछ। कर्जन्हा गोलबजारका २० वटा सामुदायिक विद्यालयमा विद्युतको पहुँच छन् भने, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा क्रमश सबै बिद्यालयमा पुराउनेक्रममा रहेकोछ। हाल २ वटा बिद्यालयहरुमा मल्टिमिडिया समेतको सुविधा भएका छन। कोरोना भाइरसको संक्रमणको समयमा यस पालिकामा Online मार्फत वैकल्पिक शिक्षाको शुरुवात भएको थियो। सङ्घ सरकार र स्थानीय सरकारबाट सोका लागि आर्थिक तथा प्राविधिक सहयोग भएको थियो। यस पालिकामा २० वटा विद्यालयका २० जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गर्ने प्रयास गरी शिक्षकहरुमा पनि क्रमश प्रविधिको पहुँच विस्तार भएकोछ। यस नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तालिम हरेक बिद्यालयका शिक्षकहरु दिईसकेकोछ। अहिले एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई अनिबार्य गरेकोले सबै विद्यालयले यसैमा सम्पूर्ण बिबरण राख्ने गरेकोछ साथै सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई इन्टरनेट जडानका निम्ति अनुदान सहयोग गरेका छन्।

**शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ-**

१. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार गर्न।
२. विस्तार गरिएका ईपुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।-
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सन्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।
७. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने।

### ४.७.२ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.३ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रबन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।

४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिने।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।
६. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चारप्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
९. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चारप्रविधिको विकास गरिनेछ।

**४.७.४ नतिजा, क्रियाकलाप तथा लक्ष्य**

**क ( उपलब्धि**

१ .समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

**ख ( नतिजा**

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन डिजिटल ल्याव स्थापना र सञ्चालन हुने। ,
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण गर्ने।-
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक  शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथासञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचनातथासञ्चारप्रविधको प्रयोगमा  विस्तार हुने।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटरलगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | २ | ५ | ५ | ५ | ३ | ० |
| ३ | मखुय विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | ५ | ५ | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नेविद्यालय सङ्ख्या | ५ | ५ | ० | ० | ० | ० |
| ५ | विद्‌तयुको पहुच पुगेको विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |

### ४.७.५ प्रमुख क्रियाकलापहरू तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रविधि सम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | २० | २० | २० | २० | २० | २० | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालीन ICTशिक्षक व्यवस्थापन, डिजिटल ल्याव स्थापना | संख्या | २ | २ | २ | २ | २ | १० | प्रदेश/नगरपालिका |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | २ | २ | २ | २ | २ | १० | विद्यालय |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ५ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ६ | फ्रि वाई-फाई चौतारी | संख्या | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ७ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | नगरपालिका |
| ८ | समुदाईक सिकाइ केन्द्रमा सूचनातथासञ्चारप्रविधको प्रयोग | संख्या | ३ | ० | ० | ० | ० | ३ | नगरपालिका |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

**परिचय**

हाल कर्जन्हा नगरपालिकामा उच्च शिक्षाको अध्ययन अध्यापन गर्ने कुनै क्याम्पस त् छैन तर पनि यस नगरपालिकाले निर्माण गरेको यो शिक्षा क्षेत्रको योजनामा उच्च शिक्षाको बारेमा कल्पना गरेकोछ । भविष्यमा यस पालिकामा पनि क्याम्पस निर्माणको लागि आबश्यक संरचनालाई मध्यनजर गर्दै परिच्छेद पाँचमा यसको बिस्तृत बर्णन गरिएको छ । यस परिच्छेदमा उच्च शिक्षाको योजनाको समग्र खाका अन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा उपलब्धिका सूचकहरू समावेश गरिएको छ । त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ । कर्जन्हा नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ। यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ।

## ५.१ उच्च शिक्षा

**परिचय**

कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्वपूर्ण साधन हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ। देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन् जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ।

### ५.१.१ **वर्तमान अवस्था**

कर्जन्हा नगरपालिका मा उच्च शिक्षा प्रदायक संस्थाहरु नभएकोले कक्षा १२ उत्तीर्ण पश्चात् धेरैजसो विद्यार्थीहरु लहान, बिराटनगर , जनकपुर र काठमाडौं जान बाध्य छन्।। भविष्यमा यँहा क्याम्पस निर्माण गर्न सके यँहाका बलबालिकाहरु अध्ययनको लागि बाहिर जानु पर्ने छैन । मुलुकको विकासको लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ। देशको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ। यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न विभिन्न समस्याहरुको सही समाधान गर्न, ज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिलाई दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ।तसर्थ यस कर्जन्हा नगरपालिका ले नगरपालिका क्षेत्र भित्र उच्च शिक्षा प्रदायक संस्थाको रुपमा कम्तिमा एउटा सामुदायिक विद्यालयलाई स्तरोन्नति वा छुट्टै स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्नेगरी अगाडी बढ्नेछ ।

**उच्च शिक्षामा देखिएका विद्यमान चुनौतीहरुः**

१. स्नातक र स्नातकोत्तर तहको क्याम्पसको सम्बन्धन र अनुमति लिन।
२. भौतिक पूर्वाधार विकास गर्न।
३. क्यामपसको स्थायित्व र सुदृढीकरण गर्न।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन।
५. जनशक्ति व्यवस्थापन गर्न।

### ५.१.२. उद्देश्य

१. स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने।
२. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने।

### ५.१.३ रणनीति

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. यस पालिकामा स्नातक र स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालय वा पूर्वाञ्चल विश्वविद्यालयसँग पहल गर्ने।
२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक सहयोग माग गर्ने।
३. क्याम्पसको सुढृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने।

### ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१ सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
२. क्याम्पसको सञ्चालनस्थायित्व तथा सुदृढीकरण भएको हुने। ,
३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने।

### ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | क्याम्पस सम्बन्धन र अनुमति | पटक | | १ | | | | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | १ | | | १ | नगरपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | पटक | | १ | | | | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | १ | | | १ | नगरपालिका |

## परिच्छेद ६ सुशासन तथा व्यबस्थापन

### परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ६.१ शिक्षाको व्यबस्थापन तथा संस्थागत क्षमता विकास

### परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञानविज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रबर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्ता प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ६.१.१. वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय

मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ६.१.२ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना, प्रणाली तथा क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. विद्यार्थीको सिकाइ उपलब्धिमा देखिएको न्यून नतिजालाई सम्बोधन गर्दै स्थानीय तहमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यक संरचना तथा दक्ष जनशक्तिको व्यवस्था गर्ने।

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूमा समन्वय, सहकार्य र सहअस्तित्व सुनिश्चित गर्न आवश्यक संयन्त्र तथा संस्थागत व्यवस्था गर्ने।

३. शिक्षामा समता, समानता तथा समावेशितालाई प्रवर्द्धन गर्दै पारदर्शी, उत्तरदायी र प्रभावकारी सुशासन प्रणालीको विकास गर्ने।

४. विद्यालयमा कार्यरत जनशक्ति, संस्थागत संरचना तथा व्यवस्थापन संयन्त्रको क्षमता अभिवृद्धि गरी प्रभावकारी शिक्षा सेवा प्रवाह सुनिश्चित गर्ने।

### ६.१.३ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन स्थानीय तहमा आवश्यक भौतिक तथा सांगठनिक संरचनाको विकास र सुधार गर्ने तथा पर्याप्त, दक्ष र तालिमप्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने।

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूमा समन्वय, सहकार्य र सहअस्तित्व सुनिश्चित गर्न नीतिगत तथा प्रणालीगत संयन्त्रको विकास र प्रभावकारी कार्यान्वयन गर्ने। संस्थागत व्यवस्थापनका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्तीय स्रोत तथा नीति, नियम र कार्यविधिको विकास गरी कार्यान्वयन गर्ने।

३. शिक्षामा समता तथा समावेशिता प्रवर्द्धन गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्ने। साथै, पारदर्शिता, जवाफदेहिता, नियमको पालना, कुशल नेतृत्व तथा प्रभावकारी सूचना सम्प्रेषण प्रणालीको विकास गरी सुशासनलाई संस्थागत गर्ने।

४. विद्यालयमा दक्ष तथा योग्य जनशक्तिको व्यवस्थापनका लागि आवश्यक पेशागत योग्यता, तालिम तथा क्षमता विकासका अवसर सुनिश्चित गर्ने। साथै, भौतिक तथा सांगठनिक संरचनाको विकास गरी विद्यालय व्यवस्थापन तथा सेवा प्रवाहसँग सम्बन्धित संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### ६.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**क) उपलब्धि**

१. स्थानीय तह, शैक्षिक निकाय तथा विद्यालयहरूमा प्रभावकारी सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरप्रति उत्तरदायी र जवाफदेही शिक्षा प्रणाली विकास भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. स्थानीय तहमा शिक्षा क्षेत्रको शासकीय तथा व्यवस्थापकीय कार्य प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक संयन्त्र, संस्थागत संरचना तथा दक्ष जनशक्तिको व्यवस्था भएको हुने।

२. स्थानीय सरकार, शिक्षा सम्बन्धी शासकीय संरचना तथा विद्यालयका जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार स्पष्ट तथा सुनिश्चित भएको हुने।

३. शैक्षिक निकाय तथा जनशक्तिको दक्षता र क्षमता अभिवृद्धि गर्न आवश्यक संयन्त्र तथा प्रणालीको विकास भई नियमित रूपमा क्षमता विकासका कार्यक्रम सञ्चालन भएको हुने।

४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, पारदर्शी, जवाफदेही, समतामूलक तथा समावेशी भई शिक्षार्थीको सिकाइ उपलब्धिप्रति उत्तरदायी र प्रभावकारी भएको हुने।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेततूव तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| २ | आधारभूत तहको विद्यालयमा नेततूवविकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्नेविद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | २० |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | १३ | १६ | १७ | १९ | १९ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षक अभिभाबक संघ भएको बिद्यालय संख्या | १४ | १६ | १६ | १८ | १९ | १९ |
| ६ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | २ | ५ | १० | १९ | १९ | १९ |

### ६.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास गर्ने | आवश्यकतानुसार | १ | | | | | | स्थानीय तह |
| २ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | नियमित | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह |
| ३ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | २० | | | | | २० | स्थानीय तह |
| ४ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह |
| ५ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडा) (संख्या | २ | २ | ३ | २ | २ | ११ | स्थानीय तह |
| ६ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह र विद्यालय |
| ७ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

## ६.२ स्थानीय शिक्षा कार्यान्वनको प्रबन्ध

**परिचय**

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहनेछन् ।

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ६.२.१ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा शाखा रहेका/छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् ।

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु ।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरू वीच समन्वय र सहकार्य सुदृढ गर्ने।

**योजना कार्यान्वयनको प्रबन्ध**

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. कर्जन्हा नगरपालिका ले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षाबजेट तथा कार्यक्रम तयार गर्ने।
२. कर्जन्हा नगरपालिका को शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. कर्जन्हा नगरपालिका ले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कर्जन्हा नगरपालिका ले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. कर्जन्हा नगरपालिका ले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. कर्जन्हा नगरपालिका ले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।

२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषयगत स्थानीय तहका इकाइहरू .के.सि., समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

**६.२.२ उद्देश्य**

योजना प्रभाबकारी कार्यान्वनका लागि कर्जन्हा नगरपालिकाले निम्न उद्देश्य लिएको छ :

१.स्थानीय शिक्षा योजनामा निर्धारित लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने।

२. शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति, स्रोत तथा साधनको उचित व्यवस्थापन गर्ने।

३. स्थानीय तह, विद्यालय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय, सहकार्य र सहभागिता अभिवृद्धि गर्ने।

४. शिक्षा योजनाको कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी आवश्यकतानुसार सुधार गर्ने।

५. शिक्षा योजनाको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक तथा परिणाममुखी बनाउने।

१ शिक्षा योजनाको प्रभाबकारी कार्यन्वयन सुनिश्चित गर्नु

**६.२.३ रणनीति**

माथीका उद्धेश्य हासिल गर्न स्थानिय तहले निम्न रणनितिहरु लिनेछन ।

१. संघिय तथा प्रदेश तहवाट वित्तिय हस्तान्तरण मार्फत ससर्त अनुदान तथा अन्य अनुदान र आफनै श्रोत को बजेट समेत संकलन गरी वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागी आवश्यक्ता अनुसार कानुन , कार्यविधि तथा निर्देशिका तयार गर्ने ।

३. कार्यक्रम कार्यान्वयनको नियमित अन−−गमण तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुने सुनिश्चिताका साथै समस्या समाधानका लागी आवश्यक निति, निर्देशन तथा समन्वय गर्ने ।

४. एकिकृत शैक्षिक सुचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वय  तथा त्यसका लागी नतिजाको विवरण तयार गर्ने , त्यसको समिक्षा गरि थप सुधार तथा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ  गठन गर्ने र  विद्यालयलाई विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गर्ने ।

७. विद्यालय व्यावस्थापनलाई सशक्तिकृत गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागी प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरि उत्तरदारी वनाउने ।

८. वित्तिय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन  तथा शिक्षक कक्षा कोठामा समय तथा कार्य सुनिश्चितता सम्बन्धि  आवश्यक मापदण्ड  तयार गरी लागु गर्ने

९.अभिभावक तथा सरोकारवालासँग अन्तरकृया तथा सहकार्य गर्न अभिभावक भेला, तथा बैठक आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाई केन्द्र मार्फत सबै उमेर समुहका  सिकारुका लागी साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्फिक शिक्षा तथा आय आर्जन शिप  विकासका कार्यक्रम संचालन गर्दै आजिवन सिकाई  केन्द्रका रुपमा समेत कार्य गर्ने ।

**६.२.४ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

योजनाको प्रभावकारी कार्यान्वयनबाट हासिल हुने प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन्:

१. स्थानीय शिक्षा योजनामा निर्धारित लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुनेछ।

२. शिक्षा योजनाको कार्यान्वयनमा स्थानीय तह, विद्यालय तथा सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र सहभागिता सुदृढ भएको हुनेछ।

३. योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, जनशक्ति, स्रोत तथा साधनको प्रभावकारी व्यवस्थापन भएको हुनेछ।

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

योजनाको कार्यान्वयनबाट हासिल हुने प्रमुख नतिजाहरू निम्नानुसार रहेका छन्:

१.स्थानीय तहका शैक्षिक निकाय तथा विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ उपलब्धिप्रति उत्तरदायी तथा जवाफदेही शिक्षा प्रणालीको विकास भएको हुनेछ।

२.स्थानीय शिक्षा योजनाका कार्यक्रमहरू निर्धारित समय, स्रोत र लक्ष्यअनुसार कार्यान्वयन हुने व्यवस्था स्थापित भएको हुनेछ।

३.शिक्षा योजनाको कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने प्रणाली विकास भई आवश्यक सुधारका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन भएको हुनेछ।

४. शिक्षा सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, सहभागिता तथा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली सुदृढ भएको हुनेछ।

**६.२.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाई | भौतिक लक्ष्य वर्ष ५ | | | | | भौतिक लक्ष्य वर्ष १० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० | |
| २ | विद्यालय सधुार योजना निर्माण एवम् अद्यावधिक | संख्या | २० | २० | २० | २० | २० | २० | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सदृढीकरण | संख्या | २० | २० | २० | २० | २० | २० | |

# परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

## परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्यसमाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ। दक्ष, सीपयुक्त र गुणस्तरीय मानवसंसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशक देखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ। शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगोविकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ।संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीयतहको भएतापनि शिक्षा साझासूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीयतहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्। शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषय माध्यान पुग्दछ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको योयोजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ। पहिचानगरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ७.१ वर्तमान अवस्था

नेपालको संविधान, २०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ । नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ । तर अथार्थमा यो हुन् सकेको छैन । वास्तबमा अहिले शिक्षा क्षेत्रको लगानी घट्दो क्रममा देखिन्छ । संघीय स्तरमा शिक्षकको तलब, दिब खाजा र पी.सि.एफ. बाहेक शसर्त अनुदानमा नगन्य सहयोग पठाएको देखिन्छ जुन प्रयाप्त छैन । नेपालको बजेट प्रतिबेदन अनुसार बि.स. २०७७/७८ मा १५.५ प्रतिशत, बि.स. २०७८/७९ मा १६ प्रतिशत, बि.स. २०७९/८० मा १६.५ प्रतिशत र बि.स. २०८०/८१ मा १७ प्रतिशत बिनियोजन गरेको पाएकोछ । यसै गरी मधेश प्रदेश को पनि बजेट हेर्दा बि.स. २०७७/७८ मा १५ प्रतिशत, बि.स. २०७८/७९ मा १६ प्रतिशत, बि.स. २०७९/८० मा१६.५ प्रतिशत, बि.स. २०८०/८१ मा १७ प्रतिशत छुट्याएको देखिन्छ । स्थानीय तह अहिले पनि संघ र प्रदेश प्रति निर्भर रहेकोले अति नै न्यून बजेट बिनियोजन गर्ने गरेकोछ । गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि शिक्षा क्षत्रको बजेटमा बृधिको आबस्यकता अहिले टड्कारो छ ।

शिक्षामा लगानी बढाउनुपर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्त्वपूर्ण आधार मान्न सकिन्छ । यस कर्जन्हा नगरपालिकाले पनि यसै नगर शिक्षा योजना अन्तर्गत रही आगामी दिनमा शिक्षामा लगानी विस्तार गर्ने अपेक्छा गरेकोछ ।

**स्रोत परिचालन तथा विश्लेषणको आधारमा निम्न चुनौतीहरू पहिचान गरीएको छ :**

**१.** शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दीगो स्रोत व्यवस्थापन गर्ने ।

२. संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने ।

३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायक रूपमा विकास गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने ।

५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको दीगोपना सुनिश्चित गर्ने ।

६. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।

७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने ।

८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने ।

९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।

११. वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।

१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।

**७.२ उद्देश्य**

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।

**७.३ रणनीतिहरू**

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

- शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने ।
- सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ ।
- शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुऱ्याइने छ ।

- नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।
- उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।
- सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।
- मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।
- अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ ।
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।
- विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने ।

### ७.४ प्रमुख उपलब्धि

उपलब्धि योजनाको कार्यान्वयनबाट हासिल हुने मु ख्य उपलब्धि तथा नतिजा बु दागतरूपमा उल्लेख गर्ने ।

१. शैक्षिक पहुच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सदृढ भएको हुनेछ

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनु मानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने उपक्षेत्र बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा | स्थानीय तह | प्रदेश | सङ्घ | संघ संस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १बर्ष | २बर्ष | ३बर्ष | ४वर्षा | ५वर्षा | | | | | | |
| १ | वालविकास र शिक्षा | 12309100 | 9873000 | 9673000 | 10209100 | 9923000 | 51987200 | | v | v | v | v |
| २ | आधारभूत शिक्षा | 145640000 | 55694000 | 59624000 | 61624000 | 61644000 | 384226000 | | v | v | v | v |
| ३ | माध्यमिक शिक्षा | 290000 | 1602000 | 5552000 | 1412000 | 1387000 | 10243000 | | v | v | v | v |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम | 50000 | 1150000 | 50000 | 1050000 | 100000 | 2400000 | | v | v | v | v |
| ५ | अनौपचारिक शिक्षा र आजीवन सिकाई | 785000 | 850000 | 900000 | 300000 | 355000 | 3190000 | | v | v | v | v |
| ६ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन | 510000 | 700000 | 1625000 | 0 | 0 | 2835000 | | v | v | v | v |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 2230000 | 2435000 | 740000 | 390000 | 740000 | 6535000 | | v | v | v | v |
| ८ | शिक्षामा समता र मावेशीकरण | 2232500 | 780000 | 830000 | 780000 | 830000 | 5452500 | | v | v | v | v |
| ९ | विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम | 2400000 | 135000 | 1550000 | 0 | 1450000 | 5535000 | | v | v | v | v |
| १० | विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता | 1120000 | 1120000 | 1120000 | 1120000 | 1120000 | 5600000 | | v | v | v | v |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | 2225000 | 2325000 | 2225000 | 2225000 | 2225000 | 11225000 | | v | v | v | v |
| १२ | विद्यालयमा सुचना तथा सञ्चार प्रविधि | 1960000 | 2255000 | 1855000 | 2260000 | 1855000 | 10185000 | | v | v | v | v |
| १३ | उच्च शिक्षा | 0 | 1500000 | 1150000 | 500000 | 0 | 3150000 | | v | v | v | v |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 635000 | 600000 | 580000 | 515000 | 515000 | 2845000 | | v | v | v | v |
| १५ | स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध | 130000 | 130000 | 130000 | 130000 | 130000 | 650000 | | v | v | v | v |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 500000 | 430000 | 780000 | 780000 | 780000 | 3970000 | | v | v | v | v |
| | जम्मा | 173,366,600 | 81,929,000 | 88,384,000 | 83,295,100 | 83,054,000 | 510,028,700 | | | | | |

### ७.६ योजना कार्यान्वयनका लागि वर्षिक रणनीति कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन

यस कर्जन्हा नगरपालिकाले योजना कार्यान्वयन गर्न वार्षिक रूपमा तय भएका योजना तथा कार्यक्रमलाई वार्षिकरूपमा सङ्घ, प्रदेश तथा स्थानीय तहको नीति तथा कार्यक्रमका आधारमा वार्षिकरूपमा स्रोत सनिश्चितताका आधारमा वार्षिक रणनीति तथा कार्यान्वयन योजना निर्माण गरि कार्यान्वन गरिदै लानेछ। त्यसका लागि योजना, रणनीति तथा कार्यक्रमलाई अद्यावधिक गरी कार्यान्वयन हुने तथा स्रोत सनिश्चित भएका सो आर्थिक वर्षमा कार्यान्वयन हुने कार्यक्रमलाई समावेश गरिदै लगिनेछ। योजना निर्माणका लागि पाचँ वर्षे बजेट सहितको वार्षिक योजनामा उल्लिखित क्रियाकलापलाई केन्द्रित भई वार्षिक बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन तथा रणनीति तयार गरिने छ। वार्षिक रणनीति योजना निर्माण गर्दा योजनाको ढाचालाई आधार मानी तयार गरिने छ।

# परिच्छेद ८ : अनुगमन तथा मूल्याङ्कन

## परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन, वितरण, लगानीको प्रवाह, कार्यक्रम कार्यान्वयन प्रक्रिया, शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन, लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ।

शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो।मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ८.१ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षा सम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, कर्जन्हा नगरपालिका का शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमन सम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ । उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारणर निर्माण गर्ने दक्षजनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु ।
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

### ८.२ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजा मुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

### ८.३ रणनीति

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने।
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित स्वचालित बनाउने।
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने।
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने।
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने।

### ८.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**क) उपलब्धि**

१. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजा**

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावकोआवधिकमूल्याङ्कनहुने।

### ८.५ प्रमु ख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | नियमित | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| २ | अनुगमन तथा मुल्यांकन संयन्त्रको निर्माण | पटक | १ | | | | | २ | |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | नियमित | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| ४ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | नियमित | १ | १ | १ | १ | १ | १० | स्थानीय ,प्रदेश र संघ सबै) (विद्यालयमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | कार्यक्रम कार्यान्वयनको त्रैमासिक समीक्षा र प्रतिवेदन (वार्षिक /चौमासिक) | निरन्तर | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह र विद्यालय |
| ६ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १० | विद्यालय |
| | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | अर्धवार्षिक/वार्षिक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | वार्षिक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह र विद्यालय |

**अनुसूची १**

**स्थानीय शिक्षा योजनाको ढांचा**

**हाम्रो भनाई**

**योजनाको साराँश**

१. विषय प्रवेश

२. शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

३. स्थानिय तहमा शिक्षा योजना निर्माणको औचित्य

४. शिक्षा योजना निर्माणको आधार

५. शिक्षा योजना निर्माण प्रकृया

६. योजनाको लेखाजोखा

७. योजनाको दस्तावेजको स्वरुप

**परिच्छेद १ : परिचय**

१.१ वर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतीको क्धइत् विश्लेषण

१.४ अवसरहरु

**परिच्छे २ : दूरदृष्टी, उद्धेश्य, रणनिति तथा लक्ष्य निर्धारण**

२.१ स्थानिय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधारहरु

२.२ दूरदृष्टि

२.३ लक्ष्य

२.४ उद्धेश्य

२.५ रणनिति

२.६ कार्यनिति

२.७ उपेक्षित उपलब्धी

२.८ मुख्य कार्य सम्पादन सुचक र लक्ष्य निर्धारण

**परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बालविकास र शिक्षा

३.२ आधारभुत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

३.५ उच्च शिक्षा

३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाई

**परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मूल्याँकन

४.२ शिक्षक व्यवस्थापन र विकास

४.३ शिक्षामा समता र समावेशीकरण

४.४ विद्यालय पोषण तथा स्वस्थ्य कार्यक्रम

४.५ विद्यालय सुरक्षा, विपत् न्युनिकरण तथा उत्थानशीलता

४.६ विद्यालय भौतिक पूर्वाधार विकास

४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

**परिच्छेद ५ अन्य उपक्षेत्र**

**परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन**

६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

६.२ स्थानिय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

**परिच्छेद ७ लगानी र श्रोत व्यवस्थापन**

**परिच्छेद ८ : अनुगमण तथा व्यवस्थापन**

अनुसूची २: शिक्षायुवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण ,

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १ | शिक्षायुवा तथा खेलकुद शाखा प्रमुख | राम भरोष यादव | | |
| २ | प्राविधिक | रेनुका भट्टराई काफ्ले | | |

**अनुसुची ३**

बिधालय शिक्षाको बिधमान समया, तिनको कारण र असर

| क्र.सं. | बिबरण | विस्तृतकरण |
|---|---|---|
| १. | मुख्य समस्या | • बिद्यालय शिक्षामा सबै बालबालिकालाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चित्ततागर्न नसक्नु |
| २ | कारण | • बिद्यालय को भौतिक संरचना बालमैत्री, अपांग मैत्री, लांगिक मैत्री नहुनु ।<br>• गुणस्तरीय शिक्षण सिकाई नहुनु ।<br>• सिकाई उपलब्धि कम हुनु ।<br>• शिक्षामा सुचना तथा संचार प्रविधिको प्रयोग कम हुनु । बिद्यालय सबै बालबालिकाको पहुँचमा नहुनु ।<br>• अभिभाबकहरु शिक्षाको महत्व नबुझ्नु ।<br>• गरिबी, विपन्नताका कर्ण बालबालिकालाई सानै देखि काम मा पठाउनु ।<br>• शिक्षक दरबन्दी अप्रयाप्त हुनु ।<br>• शिक्षक बिद्यार्थी अनुपात नमिल्नु ।<br>• स्थानीय भाषा र पाठयक्रम को प्रयोग नहुनु ।<br>•<br>• प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा कठिनाई हुनु । |
| ३. | असर | • पाठयक्रम अनुसार सिकाई उपलब्धि नहुनु ।<br>• सिकाई बाताबरण मा न्यूनता हुनु ।<br>• गुणस्तरीय जनशक्ति उत्पादन नहुनु ।<br>• शिक्षाले बेरोजगारी जन्माउनु ।<br>• ब्यबहार कुशल शिक्षा नहुनु ।<br>• बालबालिका बिचमै पढाई छोड्नु ।<br>• कक्षा दोहरौने दर बढी हुनु ।<br>• अपांगता , बिपन्न तथा पिछडिएको परिवारको बालबालिका बिद्यालय बाहिर रहनु । |

**अनुसूची ३**

शिक्षा क्षेत्रका सबल पक्ष, कमजोरी, अबसर, चुनौती (SWOT) विश्लेषण

| **शिक्षा क्षेत्रका सबल पक्षहरु** | **१. शिक्षा क्षेत्रका सुधार गर्ने पक्षहरु** |
|---|---|
| कर्जन्हा नगरपालिकाको शिक्षा क्षेत्रका सबल पक्षहरु यस प्रकार रहेका छन् :<br>१. दक्ष शिक्षकहरुको उपलब्धता तथा स्थनीयद्वारा शिक्षक क्षेमता बिकासका लागि विभिन्न तालिम संचालन।<br>२. दिवा खाजा जसलेगर्दा बालबालिकाहरुकोस स्वास्थ्य तथा बिध्यलायामा उपस्थिति बृधि।<br>३. शैक्षिक कयालेंदर निर्माण तथा सोहि अनुशर शैक्षिक क्रियाकलाप संचालन।<br>४. धेरैजसो बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्रीहरुको उपलब्धता रहेकोछ।<br>५. कर्जन्हा नगरपालिकाको कुल साक्षरता दर ६७.५ प्रतिशत रहेको छ।<br>६. यस नगरपालिकामा सबै वडाहरुमा बिधालय रहेकाछन।<br>७. शिक्षकहरुको सहभागिता र सक्रियता राम्रो छ।<br>८. प्राय सबै बिधालय मा बलविकास केन्द्र रहेको छ।<br>९. प्राबिधिक धारका बिधालयहरु सन्चालनमा रहेकाछन । | **२.** स्थानीय तहले सिक्षा क्षेत्रको बजेट बढाउन जोड दिनु पर्ने।<br>३. बहुभाषिक कक्षामा संचालमा जोड दिनुपर्ने।<br>४. स्थानीय पत्यक्रम ल्पुरना रुपमा संचालनमा ल्याउनु पर्ने ।<br>५. अभिभाबकहरुको बिद्यालय क्रियाकलापमा सहभागितामा जोड ।<br>६. अपन्गमैत्री तथा लैगिक मैत्यी भैतिक पूर्वाधारमा जोड।<br>७. १०.बालमैत्री तथा भयरहित वाताबरण र गुणस्तरीय सिकाई तथा अतिरिक्त क्रियाकलापमा जोड।<br>८. प्रकोप तथा जोखिम को समयमा सिकाई निरन्तरतामा जोड ।<br>९. बिधालयमा बालबालिकाको निरन्तरता र टिकाउको लागि बिधालय ब्यबस्थापनलाई सक्रिय बनाउन र स्थानीय तहबाट निरन्तर अनुगनमा जोड ।<br>१०. बिधालयमा खाजा ब्यबस्थापन भएपनि त्यसको गुणस्तर र स्थानीय परिबेस अनुसार बनाउन र अनुगणमा गर्नु पर्ने ।<br>११. स्थानीय तहको साक्षरता दरमा बृधि गर्न यस पालिका ले ध्यान केन्द्रित गर्नु पर्ने ।<br>१२. प्रारम्भिक कक्षाको सिकाई उपलब्धिलाई बढाउन पहल गर्नु पर्ने। |
| **शिक्षा क्षेत्रका अबसरहरु**<br>१. संबैधानिक प्राबधान अनुसार यस नगरपालिकाले शिक्षाको विकास गर्न तत्पर रहेको।<br>२. यो नगरपालि भित्र शिक्षा क्षेत्रको विकास गर्न सहज रहेको।<br>३. भौगोलिक रुपमा सुगमताका साथै प्रत्येक वडामा बिद्यालय संचालन रहेको ।<br>४. यस पालिकामा उच्च शिक्षा संचालनमा रहेको।<br>**५.** यस नगरपालिकामा शिक्षा क्षेत्रमा बिभिन्न संघ सस्थाहरु कार्यरत रहेको।<br>६. पालिकाले शिक्षा सम्बन्धि नितिगत ब्यबस्था गर्न प्रयासरत रहेको ।<br>७. यस पालिकाले शिक्षा सम्बन्धि बजेट बिनियोजन गर्न शुरुवात गरेको। | **शिक्षाक्षेत्रको प्रमुख चुनौतिहरु**<br>कर्जन्हा नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धिका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार छन् -<br>१. बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्रीको सिकाइ वातावरण निर्माणमा सुधारको आवश्यक छ।<br>२. इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा भए पनि समुचित प्रयोग नहुनु।<br>३. भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण आबश्यक रहनु।<br>४. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।<br>५. प्रारम्भिक बालविकास केन्द्र कक्षाको समायोजन तथा/ पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालननहुनु। |

| | |
|---|---|
| | ६. नक्शांकनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नभएको ।<br>७. व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेखि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्धि गर्नु पर्ने ।<br>८. व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपर्युक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने ।<br>९. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।<br>१०.शिक्षकको व्यवस्थापन, विषयगत शिक्षकको प्रयाप्ता साथै दरवन्दी मिलान गरेर शिक्षक र प्रधनाध्यापकको व्यवस्थापन गर्नु पर्ने ।<br>११.बिद्यालय ब्यबस्थापन तथा शिक्षक अभिभाबक संघ गठनमा बाह्यहस्तक्षेप हुनु ।<br>१२.सामुदायिक बिद्यालय प्रति अभिभाबकहरुको सक्रियता न्यून हुनु ।<br>१३. प्रतिबिधार्थी खाजाको दर न्यून हुनु र दिवाखाजा कम्तिमा आधारभूत तह सम्म ब्यबस्थापन गर्नुपर्ने । |

**अनुसूची ४**

शिक्षासंग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरुको सुची

शिक्षासंग सम्बन्धित ऐन, नियम, निर्देशिका लगायतका नीतिगत दस्तावेजहरुको सुची

१. नेपालको संबिधान
२. सोहौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
४. अनिवार्य तथा निःशलुक शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
५. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan)
६. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
७. विद्यालय शिक्षामा समता रणनीति
८. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाचा
९. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना

१०. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

११. विद्यालय सधुार योजना र अन्य सरकारी र गैर सरकारी सङ्घ संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

अनुसूचीहरु : ५ महत्वपूर्ण लिंकहरु

| | |
|---|---|
| शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | http://www.moe.gov.np |
| शिक्षा तथा मानव श्रोत विकास केन्द्र | https://www.doe.gov.np |
| पाठ्यक्रम विकास केन्द्र | https://www.moecdc.gov.np |
| विद्यालय शिक्षक किताबखाना | http://www.stro.gov.np/ne |
| परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर | http://www.neb.gov.np |
| शिक्षा विकास तथा समन्वय इकाइ, सिरहा | http://www.deosiraha.gov.np |
| कर्जन्हा नगरपालिका | https://karjanhamun.gov.np/ |

अनुसूचीहरु : ६ महत्वपूर्ण लिंकहरु

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह -कक्षा १ )३ पाठ्यक्रम (, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव‌खाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव‌खाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना २०)७९ ,(**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

